# कार्यविस्तृतीकरण परिमार्जन अध्ययन प्रतिवेदन

## २०८०




## मुख्य न्यायाधिवक्ताको कार्यालय

## गण्डकी प्रदेश

# कार्यविस्तृतीकरण परिमार्जन अध्ययन प्रतिवेदनको अन्तिम मस्यौदा, २०८०

**संरक्षक**

माननीय मुख्यमन्त्री सूरेन्द्रराज पाण्डे, गण्डकी प्रदेश

माननीय मुख्यमन्त्री कमल बहादुर शाह, सुदुर पश्चिम प्रदेश

माननीय मुख्यमन्त्री राज कुमार शर्मा, कर्णाली प्रदेश

माननीय मुख्यमन्त्री डिल्ली बहादुर चौधरी,लुम्बिनी प्रदेश

माननीय मुख्यमन्त्री शालिकराम जमरकट्टेल, बागमती प्रदेश

माननीय मुख्यमन्त्री सरोज कुमार यादव, मधेश प्रदेश

माननीय मुख्यमन्त्री केदार कार्की, कोशी प्रदेश

**मुख्य अनुसन्धानकर्ता**

मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा (पौडेल)

मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशी

मुख्य न्यायाधिवक्ता प्रा.डा. बुद्ध बहादुर थापा

मुख्य न्यायाधिवक्ता ज्ञानेन्द्र नेपाल

मुख्य न्यायाधिवक्ता बीरेन्द्र कुमार ठाकुर

मुख्य न्यायाधिवक्ता रुपेश कोईराला

**अनुसन्धानकर्ताहरु**

उप-न्यायाधिवक्ता: लालप्रसाद लामिछाने

उप-न्यायाधिवक्ता:टेक बहादुर थापा

उप-न्यायाधिवक्ताः शोभा पाठक

उप-न्यायाधिवक्ताः हरिहर पौडेल

उप-न्यायाधिवक्ताः उदयचन्द्र अधिकारी

उप-न्यायाधिवक्ताः मनोज कुमार गुप्ता

उप-न्यायाधिवक्ताः राजेन्द्र बहादुर बस्नेत

**कार्यकारी सम्पादक**

शाखा अधिकृत: मदन शर्मा

शाखा अधिकृत: वसन्त अर्याल

शाखा अधिकृत: सागर बराल

शाखा अधिकृत: जुना शर्मा

**संरक्षक**

माननीय मुख्यमन्त्री सूरेन्द्रराज पाण्डे

**मुख्य अनुसन्धानकर्ता**

मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा (पौडेल)

**अनुसन्धानकर्ताहरु**

उप-न्यायाधिवक्ता: लालप्रसाद लामिछाने

शाखा अधिकृत: मदन शर्मा

शाखा अधिकृत: वसन्त अर्याल

शाखा अधिकृत: सागर बराल

शाखा अधिकृत: जुना शर्मा

कम्प्युटर अपरेटर: दिपेन्द्र राज बराल

मुख्य न्यायाधिवक्ताको कार्यालय

गण्डकी प्रदेश

# सम्पादक मण्डल

**निर्देशक**

मुख्य न्यायाधिवक्ता चिरञ्जीवि शर्मा (पौडेल)

**प्रधान सम्पादक**

उप-न्यायाधिवक्ता: लालप्रसाद लामिछाने

**कार्यकारी सम्पादक**

शाखा अधिकृत: मदन शर्मा

शाखा अधिकृत: वसन्त अर्याल

शाखा अधिकृत: सागर बराल

शाखा अधिकृत: जुना शर्मा

**सम्पादक**

सहायक लेखा अधिकृत: रमेश बहादुर बस्नेत

सहायक प्रशासकीय अधिकृत: भगिरथ पौडेल

सहायक प्रशासकीय अधिकृत: सूर्य गिरि

कम्प्युटर अपरेटर: दिपेन्द्र राज बराल

**सहयोगी**

हलुका सवारी चालक: गोविन्द दाहाल

हलुका सवारी चालक: रत्न बहादुर थापा

कार्यालय सहयोगी: हुमनाथ अधिकारी

कार्यालय सहयोगी: निरोज भुजेल

मुख्य न्यायाधिवक्ताको कार्यालय

## प्राक्कथन

क्यानेडीयन संविधान विज्ञ Anwar Shah, का अनुसार एकात्मकताबाट संघीयतामा रुपान्तरण हुनु भनेको, "Giving higher revenue rights to sub-national government is like giving whiskey and car keys to teenagers." यद्यपी नेपालको सन्दर्भमा सबै राजनैतिक शक्तिहरुका बीचमा संघीयतालाई संस्थागत गर्न सहमति भएको, संघीयताको नीतिगत तथा संस्थागत कार्यान्वयनका लागि देखिएका अस्पष्टताहरुलाई सुधार्न सरकार प्रतिबद्ध रहेको, संवैधानिक रुपमा संघ, प्रदेश र स्थानीय सरकालाई तहगत रुपमा सुम्पिइएका अधिकारहरुको कार्यविस्तृतीकरण र व्याख्या भई कार्यान्वयनमा आएको अझै थप प्रभावकारी व्याख्याका लागि पहल भईरहेको छ । यसले नेपालको संघीयतालाई सकारात्मक प्रगतितर्फ लगिरहेको छ, आशा छ निकट भविष्यमा नेपालको संघीयता आम नेपालीहरुको थप आकर्षणको विषय हुनेछ ।

यसै सन्दर्भमा सरकारका तहगत अधिकारहरुको व्याख्या र बाँडफाँडमा देखिएका अस्पष्टताहरुलाई पहिचान गरि एकल तथा साझा अधिकारहरुमा स्पष्ट हुन, माननीय मुख्यमन्त्रीज्यूहरुको हेटौंडा भेलाबाट सातै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुलाई कार्य जिम्मेवारी प्रदान गरेपछि, मिति २०८०/१०/१७ देखी ऐ. १९ गते सम्म पोखरामा भएको भेलाले यो प्रतिवेदन तयार गरेको छ ।

यो प्रतिवेदन तयारीमा खट्नुहुने मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेश, पोखराका उप-न्यायाधिवक्ता लालप्रसाद लामिछाने, शाखा अधिकृतहरु मदन शर्मा, वसन्त अर्याल, सागर बराल, जुना शर्मा, सहायक लेखा अधिकृत रमेश बहादुर बस्नेत, सहायक प्रशासकीय अधिकृतहरु भगिरथ पौडेल र सूर्य गिरी, कम्प्युटर अपरेटर दिपेन्द्र राज बराल, हलुका सवारी चालकहरु गोविन्द दाहाल र रत्न बहादुर थापा, कार्यालय सहयोगीहरु हुमनाथ अधिकारी र निरोज भुजेल समेतलाई विशेष धन्यबाद ! प्रस्तुत प्रतिवेदनको पुनरावलोकन गरिदिनु भएकोमा उप-प्राध्यापक/ अधिवक्ता गिरधारी सुवेदी ज्यू, सँगसँगै हामीलाई मस्यौदा तयारीमा सदैव हौसला, प्रेरणा, मार्गदर्शन दिनुहुने गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री सूरेन्द्रराज पाण्डेज्यू सहितका सातै प्रदेशका माननीय मुख्यमन्त्रीज्यूहरु प्रति हामी विशेष आभार व्यक्त गर्दछौं ।

कार्यक्रममा हामीहरुसँगै साथमा रहि हौसला, उत्साह, प्रेरणा र मार्गदर्शन प्रदान गर्नुहुने माननीय महान्यायाधिवक्ता डा. दिनमणी पोखरेल लगायत उहाँको समुहमा रहनुभएका आदरणीय नायब महान्यायाधिवक्ताज्यूहरु प्रति विशेष कृतज्ञता व्यक्त गर्दछौं ।

प्रतिवेदन माथिको छलफलमा अत्यन्त क्रियाशिल सहभागिता जनाई अमुल्य सुझाव र सल्लाह उपलब्ध गराउनु हुने माननीय मुख्यन्यायाधिवक्ताहरु सुदुर पश्चिम प्रदेशका ठेकेन्द्रराज जोशी, लुम्बिनी प्रदेशका प्रा.डा. बुद्ध बहादुर थापा, बागमती प्रदेशका ज्ञानेन्द्र नेपाल, मधेश प्रदेशका बीरेन्द्र कुमार ठाकुर, कोशी प्रदेशका रुपेश कोईराला ज्यूहरुको प्रतिवेदन तयारीमा अत्यन्त अमूल्य भूमिका रहेको जगजाहेर छ ।तसर्थ सबै मुख्य न्यायाधिवक्ताज्यूहरुमा गण्डकी प्रदेशका तर्फबाट बधाई तथा धन्यवाद ज्ञापन गर्दछौ ।

अन्त्यमा, प्रस्तुत पुनीत कार्य गर्ने र विशिष्ट महानुभावहरुलाई दु;ख-सुखआतिथ्यता प्रदान गर्ने अवसर यस कार्यालयलाई प्रदान गर्नुहुने सबै प्रति हामी आभारी छौं । पोखरा बसाईको अवस्था जे जस्तो रहेपनि यसलाई सहजताका साथ लिईदिनुहुन अतिथिहरु सबैमा विनम्र अनुरोध गर्दछौं ।

**मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेश, पोखरा**

मितिः२०८०।१०।१९

# विषय-सूची


१. पृष्ठभूमि ........................................................................... १

२. संवैधानिक आधार ................................................................... ५

३. अनुसूचि-५ बमोजिमको संघको अधिकारक्षेत्रमा थप प्रष्टताको आवश्यक्ता..... ६

४. अनुसूचि-६ बमोजिमको प्रदेशको अधिकारक्षेत्रमा थप प्रष्टताको आवश्यक्ता........ ९

५. अनुसूचि-७ सँग सम्बन्धीत कार्यक्षेत्रको बिभाजन ........................................ ११

६. अनुसूचि-८ बमोजिमको स्थानिय हकको अधिकारक्षेत्रमा थप प्रष्टताको आवश्यक्ता..२६

७. अनुसूचि-९ सँग सम्बन्धीत कार्यक्षेत्रको बिभाजन......................................... २७

८. कानुनी तादाम्यता.......................................................................... ३७

९. संहिता लगायत अन्य विशेष ऐनहरुमा प्रदेशको सरोकार.............................. ३८

१०. निष्कर्ष तथा सुझावहरु ................................................................... ४०

११. सन्दर्भ समाग्री............................................................................. ४४

# १. पृष्ठभूमि

संघीयतामा राजनीतिको पूर्वशर्त भनेकै सरकारका तहहरुका बीचमा संवैधानीक एवं कानुनी रुपबाटै अधिकार तथा शक्तिको बाँडफाँड गर्नु हो । केन्द्रिय रुपबाटै शासकीय व्यवस्थापन गर्न कठीन, अप्रभावकारी र कमजोर अवश्य रहन्छ, तसर्थ शासकीय व्यवस्थालाई प्रभावकारी, सहभागितामुलक र समावेशी प्रतिनिधित्वमुलक तुल्याई नागरिकहरुमा शासकीय अपनत्व स्थापित गर्न संघीयताले राज्यको सेवा प्रवाहलाई जनताको नजिक पुऱ्याउन सघाउँछ । सरकारका बीचमा तहगत बाँडफाँड हुने हुँदा, स्वभाविक रुपमा संघीयता खर्चिलो अवश्य छ तर संघीयताको मर्म अनुरुप नागरिकले छिटो-छरितो, प्रभावकारी सेवा प्राप्त गर्न सकेमा सो खर्च नगन्य नै मान्नुपर्ने हुन्छ। खर्चिलो संघीयता धान्न खर्चको आवश्यकता पहिचान गर्न र राजश्वको क्षमता बढाउन बेलैमा सचेत रहन र कार्यजिम्मेवारी बाँडफाँड गर्नुपर्ने हुन्छ । संघीयतामा कुन सेवा कुन तहको सरकारले उपलब्ध गराउने भन्नेमा स्पष्ट हुनुपर्ने हुन्छ । सरकारका तहगत जिम्मेवारी अनुसारको उपयुक्त जनशक्ति, संगठन संरचना र कार्य प्रणाली निर्धारण गरिएको हुन्छ । राजश्वको संभाव्यता र उपयोगको अवस्था मापन गरि न्यायोचित वितरणको माध्यमद्वारा सार्वजनिक सेवामा सुधार ल्याउन सकियो भने मात्र संघीयताको सार्थकता झल्कने गर्दछ ।





**Fig. कार्यविस्तृतीकरणको सैद्धान्तिक आधारशिला**

मुख्यन्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेशले माननीय मुख्यमन्त्रीज्यूहरुको भेलाबाट प्रदान गरिएको कार्यजिम्मेवारी अनुरुप तीनै तहका सरकारका तहगत अधिकारहरुमा स्पष्टता ल्याउने गरि सुझाव पेश गर्न यो प्रतिवेदन तयार गरिएको हो । जसका लागि मुख्य न्यायाधिवक्ताको कार्यालय परिवार अहोरात्र अध्ययन, छलफल विमर्शमा जुट्नुपरेको थियो । यो प्रतिवेदनमा सरकारका तीनै तहका अधिकार तथा कार्य जिम्मेवारीको प्रयोगमा देखिएका बेमेल, दोहोरोपन र संबोधन हुन बाँकी कार्य अधिकारहरुलाई समेट्ने प्रयत्न गरिएको छ । यो प्रतिवेदनले प्रत्येक तहका सरकार,

अझ खासगरि संघीय सरकारलाई थप स्पष्टता ल्याउने गरि नीतिगत, कानुनी र संस्थागत सुधारका माध्यमद्वारा मुलुकको संघीय लोकतान्त्रीक प्रणालीमा सुधार अवश्य पनि सघाउने विश्वास लिईएको छ ।

संघ, प्रदेश र स्थानीय तहबीच सूचिकृत अधिकारहरु विश्लेषण गरि यो प्रतिवेदन तयार गर्दा मूलभूतरुपमा सरकारको कार्यविस्तृतीकरण प्रतिवेदन २०७३, प्रदेश सरकारको कार्य विभाजन नियमावली २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वीत्त आयोग ऐन २०७४, मौलिक हक कार्यान्वयन सम्बन्धी ऐनहरु, केहि अन्तराष्ट्रिय अभ्यासहरु र अन्य नेपाल कानुन समेतलाई आधार लिइएको छ । विशेषतः तहगत अधिकार क्षेत्र र कार्यजिम्मेवारीमा देखिएका दोहोरोपन हटाउने, छुटेका विषयबस्तुहरु समेट्ने प्रयत्न यो प्रतिवेदनले गरेको छ ।

हालसम्म नेपालमा संघीयता कार्यान्वयनमा गरिएको महत्वपूर्ण र प्रथम प्रयत्न भनेको नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७३/१०/१८ को निर्णय अनुसार जारि गरिएको संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण प्रतिवेदन नै हो । तथापी यसमा उल्लेख भएका कतिपय प्रावधानहरुले अस्पष्ट भएको दोहोरोपन कायम भएको कतिपय प्रावधानहरु संवैधानिक मर्म अनुरुप नभएको भन्ने आधारमा गत २०८०/०९/१३ मा बागमती प्रदेशको राजधानी हेटौडामा सम्पन्न अन्तरप्रदेश मुख्यमन्त्रीज्यूहरुको भेलाबाट कार्यविस्तृतीकरण संशोधन सुझाव पेश गर्न र अन्तरप्रदेश अन्तर सरकार बीच कानुनी तादाम्यता कायम गर्न आवश्यक मापदण्ड निर्धारण गर्न सबै प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताहरुलाई कार्यजिम्मेवारी प्रदान गरिए अनुरुप मुख्य न्यायाधिवक्ताको कार्यालय गण्डकी प्रदेशले यो सुझाव प्रतिवेदन तयार गरेको छ ।

संविधान जारी भएको मिति २०७२/०६/०३ देखि हालसम्मको अभ्यास हेर्दा, खासगरि प्रदेश सरकारका अधिकार क्षेत्र उपर संघीय सरकारद्वारा निम्नानुसार हस्तक्षेप भएको महसुस गरिएको छ ।

**१) यातायत व्यवस्थापनः-** संविधानत् प्रदेशभित्रको यातायत व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य प्रदेश सरकारमा रहेको छ । ट्राफिक प्रहरीले सवारी साधनवाट उठाएको जरिवाना प्रदेश सन्चित कोषमा दाखिला नगरि सिधै संघीय सन्चित कोषमा दाखिला गरिएको अवस्था छ । यातायतासेवा सम्बन्धित यातायात व्यवस्थापन प्रणालीको सफ्टवेयरमा समेत केन्द्र सरकारको नियन्त्रण गरेकोले यातायात सम्बन्धी सेवा प्रवाह प्रभावकारी बनाउन सकिएको छैन। त्यसैगरि सङ्घीय संसदबाट बनेर कार्यान्वयनमा आएको सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐन, २०७९ ऐनमा सङ्घीय राजधानी शहरी क्षेत्रको

सार्वजनिक सेवालाई नियमन तथा व्यवस्थापन गर्न सङ्घीय सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण स्थापना गरिने छ भन्ने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाले प्रदेशको एकल अधिकारको सूचीमा रहेको अधिकार सङ्कुचन गर्छ। सवारीसाधन कर, यातायात र प्रदेश लोकमार्गसम्बन्धी अधिकार प्रदेशको संवैधानिक अधिकार हो । यस ऐन मार्फत संघीय सरकारले वाग्मती प्रदेश सरकारलाई उपत्यकताका तीन वटै जिल्लामा प्रवेश निषेध स्थिति सृजना गर्न खोजिएको देखिएको छ।

२) **प्रहरी समायोजन** :- संविधानमा प्रदेशको एकल अधिकार सूचीमा प्रदेश प्रहरी र प्रदेशको शान्ति सुरक्षा देखिन्छ । संविधानको धारा २६९ बमोजिम प्रहरी समायोजन ऐन, २०७६ जारी भई प्रारम्भ भएको ३० दिन भित्र ऐन कार्यान्वयन भनि गरिएको प्रावधान चार वर्ष वितिसक्दा कार्यान्वयनमा नआएको देखिन्छ । उपत्यकाको सुरक्षा जिम्मेवारी संघीय सरकार मातहत राख्ने विषयमा संघीय सरकारले वाग्मती प्रदेशलाई उपत्यकामा निशेध नै गरेको देखिन्छ ।कर्णाली प्रदेश वाहेक सवै प्रदेशहरुले प्रदेश प्रहरी ऐन जारी गरिसकेका छन् तर उक्त ऐनहरु कार्यान्वयन भएका छैनन् । प्रदेश प्रहरीको व्यवस्था नहुदाँ प्रदेश सरकार निरिह भएर बस्नुपरेको देखिन्छ । वाग्मती प्रदेशले प्रदेश अनुसन्धान व्युरो सम्बन्धी ऐन समेत जारी गरेको छ तर कार्यान्वयनमा आउन भने सकेको देखिदैंन ।

३) **वन** :- संविधानत प्रदेशभित्रको राष्ट्रिय वन प्रदेश सरकारको एकल जिम्मेवारीभित्र रहने प्रावधान विपरित सर्लाही सागरनाथ बन परियोजनालाई नेपाल सरकारले कम्पनी मोडलमा चलाएको छ । वन ऐन २०७६ जारी गर्दा नै प्रदेश सरकारको अधिकार क्षेत्र संङ्कुचन गरेको छ । २०७५ सालवाट जिल्ला बन कार्यालय र वन निर्देशशनालयहरु प्रदेश सरकारलाई हस्तान्तरण गरेको भएतापनि कार्यालय प्रमुख संघ माताहत रहने व्यवस्था र २५ लाख भन्दा बढीको वनपैदावर विक्री वितरणको लागि वन विभागको महानिर्देशकको अनुमति लिने प्रचलित संघीय कानूनको व्यवस्था रहेको छ । संविधानले प्रदान गरेको प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग र वातावरण संरक्षण सम्बन्धी प्रदेशको अधिकारलाई संघले ऐन तथा नियमावली निर्माण गरेर खोसेको अवस्था छ ।

४) **कर्मचारी व्यवस्थापन** : संघीय निजामती सेवा ऐन संघीयता कार्यान्वयन भएको छ वर्ष वितिसक्दा समेत स्वीकृत नहुदाँ यसको सिधा असर प्रदेश र स्थानीय तहमा सेवा प्रवाहमा परेको देखिन्छ । प्रदेश सरकारले जारी गरेका कर्मचारी व्यवस्थापन सम्बन्धी कानून संघीय ऐन जारी नहुदाँ कार्यान्वयन हुन सकेका छैनन् । प्रदेश लोकसेवा आयोगको सिफारिसमा प्रदेश र स्थानीय सरकारहरुले नियुक्ति गरेका कर्मचारीहरुको सिटरोल

(व्यक्तिगत विवरण) राष्ट्रिय कितावखानाले दर्ता गर्न इन्कार गरेकोवाट पुष्टि हुन्छ कि संघीय सरकार पनि प्रदेश लोकसेवा आयोगले कर्मचारी पदपूर्ति सम्बन्धी कार्य गरेकोमा सन्तुष्ट छैन । कतिपय प्रदेश सरकारहरुले सचिव सम्मको नियुक्ति गरेका छन् तर उनीहरुको कर्मचारी व्यवस्थापन प्रणालीमा उक्त विवरण अद्यावधिक गर्न राष्ट्रिय कितावखानाले राजी छैन । कर्मचारी समायोजन पश्चात प्रदेश सरकारहरुले नयाँ संगठन संरचना सम्बन्धी थप व्यवस्था राष्ट्रिय कितावखानाको कारण हुन सकेको देखिदैंन ।प्रदेश सरकारको सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश मताहत रहनुपर्ने देखिन्छ। जिल्ला प्रशासन कार्यालयहरु संघ मातहत रहने व्यवस्थाले प्रदेश सरकारहरु निरिह बन्नु परेको समेत देखिन्छ । जिल्ला प्रशासन कार्यालयको औचित्य माथि प्रश्न उठाउदै सर्वोच्च अदालतमा मुद्दा नै दायर भएको थियो र उक्त मुद्दा विचराधिन नै रहेको छ ।

**५) अन्तरसरकारी वित्त हस्तान्तरण** : राजश्व संकलन सम्बन्धी अधिकार संघमा केन्द्रित रहेको तर खर्चको आवश्यकता प्रदेशमा हुने गरेको देखिन्छ । राजश्व बाँडफाँट र अनुदान सम्बन्धी वर्तमान कानून पुनरावलोकन गर्न आवश्यक देखिन्छ ।मुख्यतः प्रहरी समायोजन प्रक्रिया गति लिन नसक्नुमा प्रदेश सरकारको वित्तीय स्रोत सानो रहेको भन्ने नै हो ।

**६) सम्पत्ती तथा कार्यालय हस्तान्तरण** :— प्रदेश सरकारलाई आफुले प्रयोग गरेको जग्गा, भवन तथा फर्निचर हस्तान्तरण गरिने भनि संघीय सरकारले प्रतिवद्धताको व्यवहारिक कार्यान्विन गरेको छैन । संघ र प्रदेश एउटै काम गर्नको लागि फरक फरक कार्यालय स्थापना गर्ने होडवाजी गरेका छन् । प्रदेश सरकारको शिक्षा सम्बन्धी काम गर्ने सामाजिक विकास कार्यालय र संघले शिक्षा विकास तथा समन्वय एकाई जस्ता कार्यालय खडा यसको ज्वलन्त उदारहरण हो । सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदनमा समेत वर्तमान संरचनालाई खारेज गर्ने ,गाभ्ने वा सम्बन्धित स्थानीय वा प्रदेश सरकारलाई हस्तान्तरण गर्ने भनि सुझाव दिएकोमा संघीय सरकारले उक्त प्रतिवेदन आजका मिति सम्म कार्यान्वयनमा ल्याउन सकेको छैन ।

**७) कार्यक्रम तथा आयोजन हस्तान्तरण सम्बन्धी** : प्रदेशको अधिकारक्षेत्रको विषयमा संघले कार्यक्रम तथा आयोजना सन्चालन गर्नाले प्रदेश सरकारलाई अर्को धर्मसंकट पैदा गरिदिएको छ । सडक, कृषि, पशु, विकास, सिंचाई र विद्युत सम्बन्धी प्रादेशिक क्षेत्राधिकारका कार्यक्रम तथा योजना हस्तान्तरण भएको देखिदैंन ।राष्ट्रिय योजना आयोगले संघ, प्रदेश तथा स्थानीय तहको कार्य जिम्मेवारी भित्र पर्ने कार्यक्रम र

आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड, २०७६ ले आयोजना र कार्यक्रमको वर्गीकरण समष्टिगत र क्षेत्रगत आधारमा गर्ने भनि तोकेको थियो तर उक्त मापदण्ड कार्यान्वयनमा आएको छैन ।

प्रस्तुत प्रतिवेदनको पहिलो खण्डमा अध्ययन प्रतिवेदनको पृष्ठभूमि, दोस्रो खण्डमा अध्ययनको संवैधानिक आधार, तेस्रो खण्डमा संविधानको अनुसूची — ५ मा सूचिकृत संघ सरकारका अधिकारहरु थान ३५ लाई अझै खँदिलो र प्रष्ट कसरी गराउन सकिन्छ भन्ने बारेमा, चौथो खण्डमा संविधानको अनुसूची — ६ मा सूचिकृत प्रदेशका अधिकारका सम्बन्धमा अझ थप स्पष्ट गराइएको छ । त्यसैगरि पाचौं खण्डमा अनुसूची — ७ अर्थात संघ र प्रदेशका साझा अधिकारहरुलाई कसले कति हिस्सेदारी लिने भन्ने कुरामा स्पष्ट पार्न खोजिएको छ । छैठौं खण्डमा स्थानीय तहका अधिकारको बारेमा स्पष्टताको प्रयत्न गरिएको छ । सातौं खण्डमा संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरुलाई प्रष्ट्याउने जमर्को गरिएको छ भने आठौं खण्डमा कानूनी तादाम्यता वारे उल्लेख गरिएको छ । नवौं खण्डमा संहिता लगायत अन्य विशेष ऐनहरुमा प्रदेशको सरोकार सम्वन्धमा उल्लेख गरिएको छ । साथै दशौं खण्डमा निष्कर्ष र सुझाव दिइएको छ । आशा छ, यो प्रतिवेदन संघीयताको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक विधी, नीति निर्माण गर्न र वर्तमान व्यवस्थामा सुधार, संशोधन वा परिवर्तन गर्न अवश्यपनि कोशेढुङ्गा सावित हुनेछ । यो आँफैमा पूर्ण छैन, यसमा धेरै कुराहरु परिवर्तन वा सुधार वा थप गर्नुपर्ने अवश्य छ, जसका लागि आवश्यक राय सल्लाह उपलब्ध गराउनुहुन समस्त सरोकारवालाहरुमा विनम्र निवेदन गर्दछौं ।

## २. संवैधानिक आधार

नेपालको संविधान (२०७२) ले संघीय लोकतान्त्रिक ढाँचामा राज्यको पुनःसंरचना गर्दै राज्यको मूल संरचनाका रुपमा संघ, प्रदेश र स्थानीय तहका सरकारको व्यवस्था गरेको छ । संविधानका विभिन्न धारामा तहगत सरकारका अधिकारक्षेत्रको सारभूत व्यवस्था गर्नुका साथै सूचीकृत अधिकारको व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय सरकारको एकल तथा साझा अधिकारको अनुसूचीकृत व्यवस्था संविधानले गरेको छ । संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहबाट राज्य शक्तिको प्रयोग हुने विषय प्रष्ट उल्लेख गरिएको छ । तहगत सरकारबीच कार्यअधिकार क्षेत्रको बाँडफाँड गर्दा संघ, प्रदेश र स्थानीय तहमा क्रमशः ३५, २१ र २२ वटा बुँदाहरूमा विभिन्न कार्यअधिकार क्षेत्रको सूचीकृत गरिएको छ । यसका साथै, २५ वटा बुँदामा संघ र प्रदेशको साझा

अधिकारक्षेत्रको व्यवस्था र १५ वटा बुँदा अन्तर्गत संघ, प्रदेश र स्थानीय हको साझा अधिकारक्षेत्रमा पर्ने अधिकार र कार्यजिम्मेवारीको व्यवस्था सूचीकृत गरिएको छ ।

संविधानतः संख्यात्मक रुपमा संघले ७५, प्रदेशले ६१ र स्थानीय सरकारले ३७ वटा बुँदा अन्तर्गत विभिन्न विषयक्षेत्रगत अधिकारको प्रयोग र सो अनुसारको कार्यजिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्था रहेको छ । यसका अतिरिक्त संविधानका अन्य धाराहरूले समेत अधिकारको बाँडफाँड गरेको छ । छुट्टै धाराहरूमा संघ, प्रदेश र स्थानीय तीनवटै तहले पूरा गर्नुपर्ने कार्य जिम्मेवारीमा मौलिक हकसम्बन्धी व्यवस्था पनि रहेका छन् ।

| **तहगत सरकार** | **एकल अधिकार** | **साझा अधिकार** | **जम्मा** |
|---|---|---|---|
| संघ | ३५ | ४० | ७५ |
| प्रदेश | २१ | ४० | ६१ |
| स्थानीय | २२ | १५ | ३७ |

## ३. अनुसूचि-५ बमोजिमको संघको अधिकारक्षेत्रमा थप प्रष्टताको आवश्यकताः

| **क्र. स** | **अधिकारक्षेत्र** | **प्रष्टाउनु पर्ने कारण** |
|---|---|---|
| १ | आन्तरिक सुरक्षा कायम गर्न प्रदेश सरकारको भूमिका र आवश्यक संस्थागत संरचना | शान्ती सुरक्षामा प्रदेश र संघविच समन्वय हुने गरि कानूनी प्रष्टता हुनुपर्ने । |
| २ | नेपाल प्रहरी र प्रदेश प्रहरीले गर्नुपर्ने कार्यको प्रष्टता र समन्वयन | संघिय प्रहरीको भुमिका अनुगमनकारी र सहयोगी रहनुपर्ने गरि प्रदेशको शान्ति सुरक्षाको जिम्मा प्रदेश प्रहरीलाई लगाउने । |
| ३ | संघ र अन्तरप्रदेश सुरक्षा निकायविच समन्वयन | शान्ति सुरक्षामा Externalities and spillover effect रहने भएकोले अन्तरप्रदेश सुरक्षा संयन्त्र गठन हुनुपर्ने । |

| | | |
|---|---|---|
| ४ | अपराध अनुसन्धानमा संघीय र प्रादेशिक प्रहरीको कार्यक्षेत्र | प्रदेश सरकारसँग प्रत्यक्ष सरोकार राख्ने वा प्रदेश भित्रका गौरवका सम्पदाहरु जस्तैः धार्मिक ऐतिहासिक, पुरातात्विक तथा सास्कृतिक महत्वका क्षेत्रहरु, गुठी, सार्वजनिक जग्गा, भवन, पर्यटकीय ताल तलैयाहरु, खोला, नदी तथा नदीको परिसर, प्रदेशभित्रको प्रादेशिक सिमाना, वनजंगल, प्रादेशिक स्वायत्ततासँग सम्वन्धित विषयहरुको अनुसन्धान तथा अभियोजनको अधिकार रहनुपर्ने गरि कानून निर्माण गरिनुपर्ने । |
| ५ | कारागार सुरक्षा र हिरासत व्यवस्थापन | कैदीवन्दीको संख्या अधिकतम ५०० सम्म रहेका कारागारहरुको सुरक्षा व्यवस्थापन तत्त कारागार रहेको प्रदेश सरकारलाई दिइनुपर्ने । |
| ६ | अन्तरिक ऋण व्यवस्थापन र वित्तीय पहुँचमा प्रदेश सरकारको भुमिका | सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ र र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को प्रभावकारी कार्यान्वयनको लागि तदारुखता देखाइनु पर्ने । |
| ७ | साईवर सुरक्षामा प्रदेश सरकारको भुमिका | संघ र प्रदेश सरकारका बीचमा समन्वयकारी र सहकारीतात्मक भुमिका रहनुपर्ने । |
| ८ | अन्तशुल्क र मुल्य अभिवृद्धी करको वाडफाँड | कराधार (Tax Base) असमान वाडँफाड गरिएकोले सन्तुलित र समानुपातिक वाडँफाड गर्नुपर्ने |
| ९. | संघीय र प्रदेश लोक सेवा आयोगविच समन्वय | कर्मचारीहरुको समुचित, न्यायोचित र औचित्यपुर्ण व्यवस्थापनको लागि |
| १०. | स्थानिय तहको सिमाना वडा र केन्द्र निर्धारण सम्वन्धी नीति | अन्तराष्ट्रिय अभ्यास अनुसार स्थानिय तहको पुनः संरचनामा प्रदेशको समेत भुमिका रहने |

| | | |
|---|---|---|
| | मापदण्ड र नियमन | |
| ११. | अवशिष्ट अधिकारको प्रयोग | सन्नीकटताको सिध्दान्त अनुसार कार्य विभाजन गर्नेपर्ने भएकोले |

नोटः सामान्यतयः संघीयतामा संघ सरकारले बनाइदिएको नीति भित्र रहि आफु सञ्चालन हुने र प्रदेश तथा स्थानीय तहलाई संचालन गरिनुपर्ने बर्तमान संविधानको मर्म अनुरुप संघले उल्लेखित विषयहरुमा प्रष्टता ल्याउने गरि कार्यविस्तृतिकरण संशोधन गर्नुको अतिरिक्त निम्नानुसार विषयहरुमा थप नीति निर्माण गर्न सुझाव दिइएको छः-

क. वडा तह देखि केन्द्रिय तह सम्म निर्वाचित राजनीतिक पदासिनहरुले गर्ने राजनीति सेवा वा पेशा के हो भन्ने बारेमा प्रष्ट हुनु पर्ने ।

ख. जुन सुकै तहको निर्वाचित / मनोनित जनप्रतिनिधिहरुलाई उपलब्ध हुदै आएको मासिक तलब भत्ता  सरहको सुविधा कटौती गरि बैठक बस्दाका दिनको मात्र बैठक भत्ता उपलब्ध हुने कानुनी व्यवस्था मिलाउनु पर्ने ।

ग. मुलुकमा उपलब्ध विभिन्न प्राकृतिक स्रोत साधनहरु जस्तै काठ, जडिबुटी, ढुङ्गा, खानि खनिज आदिको उपयोग, निकासि पैठारी/ओसारपसारमा देखिएको कानूनी जटिलताका कारण यिनीहरुको अधिकतम प्रयोग हुन नसकेको र बाह्य आयातित बस्तुहरु प्रयोगको अभ्यास बढ्दै गईरहेको स्थितिमा कानून बनाई देश भित्रै उपलब्ध प्राकृतिक श्रोतहरुको उच्चतम प्रयोग हुने गरि कानून वा नीति निर्माण गरिनु पर्ने ।

घ. कारागारका कैदी बन्दीहरु माथि राज्यले गरेको अनुत्पादक लगानीमा ठूलो श्रोत खर्च भईरहेको स्थितिलाई मध्ये नजर गरि मुद्दाको गाम्भिर्यता र कैदी बन्दीहरुको आचरण तथा मनोचिकित्सकीय प्रतिवेदनका आधारमा उनीहरुलाई सरकारी तथा सार्वजनिक विकास

निर्माणका कार्यहरुमा लगाउन सकिने गरि आँखा, औँठा छाप, निर्दिष्ट परिचय पत्र दिने व्यवस्थाका साथ आवश्यक कानून बनाई लागू गर्न र कानूनमा व्यवस्था भए बमोजिमको प्रोबेशन तथा प्यारोल बोर्डको कार्यविधि स्पष्ट हुने गरि कानून बनाउन सुझाव दिइएको छ ।

ङ. द्रुत सूचना तथा संचारका साधनहरुको उपलब्धता बस्ती बस्तीसम्म पुगिसकेको अवस्थालाई मध्यनजर गरि सरकारी स्तरबाट आव्हान हुने ठेक्का बोलपत्र, अदालतबाट जारी हुने सूचना म्याद आदिमा समयावधि घटाई अधिकतम सात दिन कायम हुने गरि विद्यमान कानूनमा परिमार्जन हुन सुझाव दिइएको छ ।

च. राज्यबाट उपलब्ध हुने सामाजिक सुरक्षा लगायतका अन्य विभिन्न सेवा सुविधाहरु गरिब र धनीको स्तरीकरणका आधारमा गरिबलाई मात्र उपलब्ध हुने गरि कानून बनाउन सुझाव दिइएको छ ।

छ. बाझा जमिनहरुलाई निश्चित मापदण्ड तयार गरि स्थानीय तहले भाडामा लगाउन सक्ने गरि कानून बनाउने व्यवस्था हुन सुझाव दिइएको छ ।

## ४. अनुसूचि-६ बमोजिमको प्रदेशको अधिकारक्षेत्रमा थप प्रष्टताको आवश्यकता

| क्र.स. | अधिकार क्षेत्र | प्रष्टाउनु पर्ने कारण |
|---|---|---|
| १. | प्रदेशभित्रको अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रणमा प्रदेश प्रहरीको भुमिका | प्रदेश प्रहरी ऐन, प्रदेश कानून र प्रदेश सरकारसँग प्रत्यक्ष सरोकार राख्ने वा प्रदेश भित्रका गौरवका सम्पदाहरु जस्तैः धार्मिक ऐतिहासिक, पुरातात्विक तथा सास्कृतिक महत्वका क्षेत्रहरु, गुठी, सार्वजनिक जग्गा, भवन, पर्यटकीय ताल तलैयाहरु, खोला, नदी तथा नदीको परिसर, प्रदेशभित्रको प्रादेशिक सिमाना, वनजंगल, प्रादेशिक स्वायत्ततासँग सम्वन्धित विषयहरुको अनुसन्धान तथा |

| | | |
|---|---|---|
| | | अभियोजनको अधिकार रहनुपर्ने गरि कानून निर्माण गरिनुपर्ने । |
| २. | प्रदेशिक कारागार तथा संघीय कारागारको व्यवस्थापन | कैदीवन्दीको संख्या अधिकतम ५०० सम्म रहेका कारागारहरुको सुरक्षा व्यवस्थापन तत्त कारागार रहेको प्रदेश सरकारलाई दिइनुपर्ने । |
| ३. | सामुदायीक प्रहरी | संघीय, प्रादेशिक र नगर प्रहरी सम्वन्धी अवधारणा विकसित भैरहेको सन्दर्भमा सामुदायिक प्रहरीको खासै औचित्य नरहने भएकोले सो व्यवस्था हट्नुपर्ने । |
| ४. | स्थानिय तहका मार्गमा ट्राफिक व्यवस्थापन | सडक दुर्घटना न्युनीकरणको लागी प्रदेश सरकारले व्यवस्थापन गर्नुपर्ने । |
| ५. | कृषी आयमा कर | आयकर ऐन, २०५८ र प्रदेश सरकारको अधिकारक्षेत्र वाझीएकोले प्रष्ट हुनुपर्ने । |
| ६. | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन कर विद्यमान वाडँफाँड | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।(बाग्मती प्रदेशको हकमा शहरी यातायात व्यवस्थापन प्राधिकरणको नामवाट अप्रत्यक्षत खोसिएकाले प्रदेशको अधिकार पुनःस्थापित हुनुपर्ने ।) |
| ७. | प्रदेश लोकमार्गको नियमन | प्रदेशिक सडक र लोकमार्गको पहिचानमा स्पष्ट हुने गरि परिभाषित हुनुपर्ने । |

**नोटः** क) प्रदेश प्रहरीको गठनको मापदण्ड के हुने भन्ने सम्वन्धमा अन्योल/द्विविधा रहेको ।( भारतको जस्तै निश्चित तहसम्मको प्रहरी कर्मचारी प्रदेश र माथिल्लो दर्जाको संघको हुने हो वा निजामति कर्मचारीहरु सरह प्रदेशमा समायोजन हुन आउने प्रहरीलाई एक तह वढुवा दिने हो वा नेपाल सरकारको इच्छाशक्तीमा समायोजन हुने वा प्रहरी कर्मचारीको इच्छामा समायोजन हुने हो प्रस्ट हुनुपर्ने ।

ख) छिमेकी प्रहरी, स्वयम सेवी प्रहरी र सामुदायिक प्रहरी जस्ता शव्दहरुले सिर्जना गरेको अन्योलता हटाउन आवश्यक देखिएको ।

ग) प्रदेश कर्मचारी/प्रहरीले चाहेमा अन्तरप्रदेश सरुवाको प्रावधान के हुने भन्ने विषयमा स्पष्टताको जरुरी रहेको ।

घ) प्रदेश प्रहरी र मुख्य न्यायाधिवक्ताको कार्यालयवीचको अन्तरसम्वन्ध, तादात्म्यता स्पष्ट हुनुपर्ने, प्रदेश प्रहरीले अनुसन्धान गर्ने मुद्दा विशेषको किटान गरिनुपर्ने र प्रदेश प्रहरीले अनुसन्धान गरेका मुद्दाहरुमा अभियोजन र अनुसन्धानमा निर्देशनको अधिकार मुख्य न्यायाधिवक्ताको कार्यालयलाई हुनुपर्ने गरि स्पष्ट गरिनुपर्ने ।

## ५. अनुसूचि-७ सँग सम्बन्धीत कार्यक्षेत्रको बिभाजन

### फौजदारी तथा देवानी कार्यविधि र प्रमाण र शपथ

| क्र.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | फौजदारी तथा देवानी कार्यविधी कानूनहरुको आंशिक रुपमा, आवश्यकता र औचित्यअनुसार कार्यान्वयनको अधिकार प्रदेश हुनुपर्ने । | फौजदारी तथा देवानी कार्यविधी कानूनको समयानुकुल संशोधन एवं परिमार्जनका अतिरिक्त कार्यान्वयनमा आपसी समन्वय । | प्रदेशको क्षमता र कार्यक्षेत्र विस्तार गर्न ( अनुसुची ५ को क्र.स. ४ मा उल्लेख भएअनुसार) |
| २. | न्यायिक समितिवाट र प्रदेश कानून वमोजिम गठन हुने स्थानिय स्तरका न्यायिक निकायको फैसला/निर्णय कार्यान्वयन (संविधानको दफा १५१ परिकल्पना गरेको) | | प्रदेशको क्षमता र कार्यक्षेत्र विस्तार गर्न। |
| ३. | प्रदेशस्तरका मुद्दाहरुको अनुसन्धान प्रदेश प्रहरीवाट, अभियोजन मुख्य न्यायाधिवक्तावाट, दायरी सम्वन्धित उच्च अदालतमा हुने । | | न्यायिक सम्पादनमा सहजता ल्याउन र प्रदेशलाई नागरिकसँग जोड्न । |

| | | | |
|---|---|---|---|
| ४. | प्रदेशस्तरिय फरेन्सिक ल्याबको व्यवस्था । | | तत्काल परिक्षण गरि न्याय सम्पादनलाई वस्तुनिष्ठ वनाउन |
| ५. | प्रदेश सरकारसँग सम्वन्धित लिखत प्रमाणिकरणसँग सम्वन्धी विवादको (सरकारवादी) अनुसन्धान र अभियोजन । | | अनुचित प्रभावलाई निवारण गर्न । |
| ६. | न्यायिक समितिको कामकारवाहीको अनुगमन, निरिक्षण, सुपरिवेक्षण हाल जिल्ला न्यायाधिशवाट हुने गरेकोमा सो लाई संसोधन गरि उक्त कार्य प्रदेशस्तरिय संयन्त्र गठन गर्ने र सो संयन्त्र गठन नहुँदा सम्म सम्वन्धित मुख्य न्यायाधिवक्ताको कार्यालयवाट हुने । | | स्थानिय तहमा हुन सक्ने Halo Effect लाई न्युनीकरण गर्न र मर्यादाक्रम/ पदोसोपान कायम गर्न । |
| ७. | कारागार व्यवस्थापन/ बालसुधार गृह संचालन, प्रोवेशन तथा प्यारोल वोर्ड । | | प्रदेश कार्यक्षेत्र विस्तार तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउन । |

**आवश्यक वस्तु तथा सेवाको आपुर्ती, वितरण, मुल्य नियन्त्रण, गुणस्तर र अनुगमन**

| क्र.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| १. | आवश्यक वस्तु तथा सेवाको आपुर्ति सम्वन्धी कार्यविधी र मापदण्डको निर्माण, बजार अनुगमन, नियमन, निरिक्षण, कारवाही तथा दण्ड सजाय । | आवश्यक वस्तु तथा सेवाको आपुर्ति सम्वन्धी नीति, कानून को तर्जुमा | सन्नीकटताको सिद्धान्त अनुसार वजारको अनुगमन, निरिक्षणलाई नियमित वनाई वस्तु तथा सेवाको आपुर्तीमा सहजता ल्याई उपभोक्ताको हक अधिकारको सुनिश्चितता गर्न । |
| २. | उपभोक्ता अदालतको हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता चेतना जागरण कार्यक्रम, कार्यान्वयन तथा अनुगमन | राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तर परिक्षणको निति निर्माण | " |
| ३. | राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तर परिक्षण नितिको कार्यान्वयन | मुल्य कालोवजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन | " " |
| ४. | अत्यावश्यक वस्तुहरुको प्रादेशिक मौज्दात वफरस्टकको व्यवस्था | सार्वजिनक सेवा र वस्तु तथा अत्यावश्यक सेवा र वस्तु आपुर्ती व्यवस्था र नियमन | " " |
| ५. | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक मुल्य अनुदान र नियमन | | " " |
| ६. | अत्यावश्यक वस्तुको आपुर्तिमा अन्तरप्रादेशिक र स्थानिय तह | | " " |

| | | | |
|---|---|---|---|
| | वीच समन्वय | | |
| ७. | प्रदेशस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको माग र आपुर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ती | | " " |
| ८. | शित गृहको व्यस्थापन | | " " |
| ९. | स्थानिय उपजको वर्गिकरण र संरक्षण | | " " |

**औषधी र विषादि**

| **क्र.सं.** | **प्रदेश** | **संघ** | **संशोधन गर्नुपर्नाको कारण** |
|---|---|---|---|
| १. | औषधि र विषादिको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक कानून, कार्विधि निर्माण, कार्यान्वयन र नियमन | नीति निर्माण, औषधि र विषादिको अन्तर्राष्ट्रिय कानुनको कार्यान्वयन । | समन्वयात्मक पद्दती अपनाउन आवश्यक देखिएकोले । |
| २. | विषादीको मापदण्ड अनुरुप बिक्री वितरणको अनुमति र नियमन | -------------------------- | प्रदेशलाई जिम्मेवार तुल्याउन । |
| ३. | कृषिजन्य प्रयोजनको सूक्ष्म पोषणतत्वयुक्त वस्तु र विषादीको प्रदेश मापदण्ड कार्यान्वयन | ------------------------ | " " |
| ४. | पशुपन्छीजन्य औषधी उत्पादनको नियमन | पशुपन्छीजन्य औषधी उत्पादनको नियमन | संघ तथा प्रदेशलाई समान जिम्मेवारी बनाउन |

| | | | |
|---|---|---|---|
| ५. | विषादीको उत्पादन, वेचविखन, उपयोगको अनुगमन र नियन्त्रण | विषादीको उत्पादन, वेचविखन, उपयोगको अनुगमन र नियन्त्रण | संघ तथा प्रदेशलाई समान जिम्मेवारी बनाउन |

## योजना, परिवार नियोजन र जनसंख्या व्यवस्थापन

| क्र.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | प्रदेशका क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन | राष्ट्रिय गौरवका योजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन | समन्वयात्मक तथा सहकारीतात्मक अन्तरसंवन्ध कायम गर्न |
| २. | प्रदेशस्तरीय आयोजनाको प्रतिफल समीक्षा | संघीय आयोजनाको प्रतिफल समीक्षा | " |
| ३. | जनसंख्या, परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन, योजना, कार्यान्वयन र नियमन | जनसंख्या परिवार नियोजन सम्बन्धी संघीय नीति | " |
| ४. | प्रादेशिकस्तरमा जनसङ्ख्यासम्बन्धी अध्ययन तथा अनुसन्धान र जनसांखिक बिश्लेषण | .................................. | प्रदेशलाई जिम्मेवार वनाउन |
| ५. | प्रादेशिक स्तरमा बसाइसराइ ब्यवस्थापन | ..................................... | प्रदेशलाई जिम्मेवार वनाउन |

| | | | |
|---|---|---|---|
| ६. | प्रादेशिकस्तरमा जनसङ्ख्या चाप सूचाङ्क तथा प्रोफाइल | ..................................... | " |
| ७. | प्रादेशिकस्तरमा जनसङ्ख्यासम्बन्धी क्षमता अभिवृद्धि | ........................................... | " |
| ८. | जनसङ्ख्या सम्बन्धी राष्ट्रिय एवं प्रादेशिक संस्थाहरुसँगको सम्पर्क र समन्वय | जनसङ्ख्यासम्बन्धी राष्ट्रिय एवं प्रादेशिक अन्तरर्राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय | समन्वयात्मक तथा सहकारीतात्मक अन्तरसंवन्ध कायम गर्न |
| ९. | प्रादेशिकस्तरमा जनसङ्ख्या सूचना प्रणाली स्थापना तथा सञ्चालन | ......................................... | प्रदेशलाई जिम्मेवार वनाउन |

**सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, र श्रमिकका हक, अधिकार र विवाद सम्बन्धी**

| क्र.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन | योगदानमा आधारित सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन | समन्वयात्मक तथा सहकारीतात्मक अन्तरसंवन्ध कायम गर्न |
| २. | सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय र प्रादेशिक निकाय तथा | रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको श्रमिकका हक, अधिकार र विवाद | " |

| | | | |
|---|---|---|---|
| | संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य | सम्बन्धी | |
| ३. | रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र नियमन | ट्रेडयुनियन सम्वन्धी नीति, कानून र नियमन | " |
| ४. | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा सम्वन्धी प्रादेशिक निति, कानून, मापदण्ड र नियमन | राष्ट्रिय श्रम नीति | " |
| ५. | श्रमशक्ती, श्रम वजार सम्वन्धी अध्ययन अनुसन्धान र श्रमशक्ति योजना | श्रम सम्बन्धि एकिकृत योजना निर्माण | " |
| ६. | प्रदेश स्तरीय औधोगिक विवाद समाधान श्रम सम्वन्ध र न्यायिक निरुपण | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय औधोगिक विवाद समाधान, श्रम सम्वन्ध र न्यायिक निरुपण | " |
| ७. | कार्यस्थल सुरक्षा, कारखाना निरिक्षण तथा नियमन | .............................. | " |

**कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा**

| **क.सं.** | **प्रदेश** | **संघ** | **संशोधन गर्नुपर्नाको कारण** |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| १. | संघले निर्धारण गरेको मापदण्ड र वर्गीकरण बमोजिम पेशागत आचरणको पालना गराउने | कानून व्यवसाय, लेखापरीक्षण, इन्जिनियरिङ, चिकित्सा, आयुर्वेद चिकित्सा, पशु चिकित्सा, आम्ची र अन्य पेशा सम्बन्धी मापदण्ड निर्धारण | मुलुक भर एकरुपता कायम गराउन । |

**प्रदेश सीमा नदी, जलमार्ग, वातावरण संरक्षण, जैविक विविधता**

| क.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन | प्रदेशसीमा नदी र जलमार्ग (अनुसूची ६ को ७ मा समेत समावेश भएको) | संघको प्रभावकारिता कायम राख्न । |
| २. | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना | ................................................ | प्रदेशलाई जिम्मेवार तुल्याउन |
| ३. | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार | नीति निर्माण र वजेट व्यवस्थापन | सहकार्य कायम गराउन |
| ४. | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड बमोजिम कार्यान्वयन,अनुगमन र नियन्त्रण तथा प्रतिवेदन | ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, नीति निर्माण, कार्यान्वयन, अनुगमन र नियन्त्रण,हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन । | " |
| ५. | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन | इन्धनको गुणस्तरको मापदण्ड निर्धारण | " |

| | | | |
|---|---|---|---|
| | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन | कार्वन उत्सर्जनको न्यूनिकरणका लागि अन्तर्राष्ट्रिय स्तरमा समन्वय | " |
| ६. | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन | ............................ | प्रदेशलाई जिम्मेवार वनाउन |
| ७. | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्दी, वातावरणीय सुशासन तथा परिक्षण | ........................... | " |

## सञ्चार माध्यम सम्बन्धी

| क्र.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | पत्रकार आचार संहिता अनुगमन | केवुल प्रशारण इजाजत, नवीकरण | सहकार्य कायम गराउन |
| २. | प्रेस सुचना प्रवाह गर्ने, सुचना सामाग्रीहरुको उत्पादन, प्रकाशन र वितरण गर्ने | श्रमजीवी सञ्चारकर्मीको न्युनतम पारिश्रमिक अनुगमन गर्ने | " |

## उद्योग तथा खनिज र भौतिक पूर्वाधार

| क्र.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | गैर धातुजन्य खनिज सम्बन्धि उत्खनन्,उद्योग | राष्ट्रिय सुरक्षासँग सम्वन्धित खनिज पर्दाथको अन्वेषण, | सक्षमताको आधारमा समन्वय गर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| | सञ्चालन,अनुगमन र कम्पनी प्रशासन सम्बन्धि ईजाजत अनुमति समेत | उत्खनन ( जस्तै मुस्ताङको युरेनियम) | भएकोले । |

## क्यासिनो, चिठ्ठा

| क.सं. | प्रदेश | संघ | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|---|
| १. | संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा सम्बन्धी दर्ता, अनुमति र | क्यासिनो तथा चिठ्ठा सम्बन्धि नीति तथा कानुन निर्माण र अनुगमन । | समन्वय कायम गराउन पर्ने भएकोले । |

## प्राकृतिक विपद पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभ

| क.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा प्रदेश राहत र पुनर्लाभ सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | विपद व्यवस्थापनको Meta policy बनाउने | प्रदेश र संघलाई समान जिम्मेवार बनाउन र ठुला विपत्तीहरुमा संघको प्रमुख भूमिका रहन । |
| २. | प्रादेशिक विपद कोष स्थापना र संचालन र स्थानीय विपद् कोषमा सहयोग | विपद्पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण र व्यवस्थापन र विपद् जोखिम क्षेत्रको नक्साङ्न, बस्तीहरूको पहिचान र स्थानान्तरण | ,, |

| | | | |
|---|---|---|---|
| ३. | विपद्जोखिम न्यूनीकरणका प्रादेशिक आयोजना, कार्यान्वयन र नियमन | कुनै पनि क्षेत्रलाई विपद जोखिम क्षेत्र घोषणा गर्न सक्ने | ,, |
| ४. | विपद् पश्चात प्रदेशस्तरको पुनस्थापन र पुनर्निर्माण | विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना | ,, |
| ५. | स्थानीय तहमा विपद पूर्व तयारी तथा प्रतिकार्य, जोखिम न्यूनीकरण, पुनस्थापन र पुनर्निर्माणमा सहयोग र समन्वय | विपद व्यवस्थापनको लागि अन्तराष्ट्रिय सहयोग र सहकार्य | ,, |
| ६. | प्रादेशिक आपतकालीन कार्य सञ्चालन प्रणाली | आपतकालिन घोषणा | ,, |
| ७. | प्रादेशिकस्तरको विपद सम्बन्धि तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान | | ,, |
| ८. | विपद व्यवस्थापन समन्वय र परिचालन | | ,, |

## पर्यटन, खानेपानी तथा सरसफाइ

| क्र.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | ४ र ५ तारे होटलको व्यवस्थापन | क्षमता अनुसारको अलग अलग भुमिका निर्वाह गर्नुपर्न भएकाले । |
| २. | ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी दर्ता अनुमति र नवीकरण | ................................ | प्रदेश सरकारलाई जिम्मेवार बनाउन |
| ३. | प्रादेशिक पर्यटकीय पुर्वाधारको विकास | ............................... | प्रदेश सरकारलाई जिम्मेवार बनाउन |

| | | | |
|---|---|---|---|
| ४. | पर्यटक प्रहरी व्यवस्थापन | ...................... | प्रदेश सरकारलाई जिम्मेवार बनाउन |
| ५. | पर्यटकीय होटल,(४ तारे भन्दा कम) रिसोर्ट, लज, ट्राभल गाईड, यफ्टिङ्ग आदिको प्रवर्द्धन, दर्ता, अनुमति, नवीकरण र नियमन | ....................... | प्रदेश सरकारलाई जिम्मेवार बनाउन |

**चलचित्र, सिनेमा हल, खेलकुद**

| क्र.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | चलचित्रहलको संचालन अनुमति र नियमन | चलचित्र निर्माण एवं प्रदर्शन अनुमति र नियमन, | राष्ट्रिय महत्वको विषय हुने भएकाले संघले अनुमति गर्ने र प्रदेशले चलचित्र हल सञ्चालन गर्ने । |
| २. | प्रादेशिक सभ्यता संस्कृति र व्यवसाय प्रवर्धन हुने चलचित्रको अनुमति र नियमन | .......................... | प्रादेशिक भाषा संस्कृतिको प्रर्वद्धन गर्न |
| ३. | खेलकूद सम्वन्धी प्रादेशिक कानुन, मापदण्ड, कार्यान्वयन र नियमन | खेलकूद सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन | संघ र प्रदेश दुवैलाई समान जिम्मेवार बनाउन । |
| ४. | खेलकूद प्रशासन र संघसंस्थाको समन्वय र नियमन प्रादेशिकस्तरमा खेलकूद विकास र प्रवर्द्धन | ........................... | " |
| ५. | प्रादेशिक खेलकुद प्रतियोगिता | राष्ट्रिय तथा | संघ र प्रदेश दुवैलाई |

| | | | |
|---|---|---|---|
| | आयोजना | अन्तर्राष्ट्रिय खेलकुदको आयोजना । | समान जिम्मेवार बनाउन । |
| | खेलकूद सम्वन्धी प्रादेशिक पूर्वाधारको विकास | .................. | ,, |

**बीमा व्यवसाय सञ्चालन र व्यवस्थापन**

| क्र.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | लघु बीमा व्यवसायको प्रवर्द्धन तथा विस्तार संचालन, व्यवस्थापन र नियमन | बीमा र बीमा व्यवसायको संचालन, व्यवस्थापन र नियमन | लघु वीमा र अन्य प्रकारका वीमालाई छुट्टाई काम गर्नुपर्ने भएकोले । |

**गरिबी निवारण र औद्योगीकरण**

| क्र.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | स्थानीय तहसँग समन्वय गर्ने गरि गरिवी निवारण सम्बन्धी प्रादेशिक लघु तथा मझौला कार्यक्रम सम्बन्धि नीति, मापदण्ड, योजना, कार्यान्वयन, नियमन र अध्ययन अनुसन्धान | राष्ट्रिय र अन्तरप्रादेशिक संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य | औद्योगीकरणको माध्यमबाट गरिबी निवारण गर्न प्रदेशको भुमिका सशक्त बनाउन |
| २. | गरिब घरपरिवार पहिचान सम्वन्धी प्रादेशिक सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन | विशेष आर्थिक क्षेत्रको स्थापना व्यवस्थापन र संचालन | ,, |
| ३. | पहिचान भएका गरिब घरपरिवारका लागि सामाजिक सुरक्षा र संरक्षण सम्वन्धी व्यवस्थापन | .......................... | ,, |
| ४. | प्रदेशस्तरको औद्योगिक क्षेत्र | ठुला तथा मध्यम उद्योगहरुको स्थापना र | ,, |

| | | | |
|---|---|---|---|
| | निर्धारण,व्यवस्थापन र संचालन<br>साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून, मापदण्डको तर्जुमा | प्रवर्द्धन सम्बन्धमा नीति, कानून, मापदण्डको तर्जुमा | |
| ५. | प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु मापदण्ड कार्यान्वयन र नियमन | | ,, |

## वैज्ञानिक अनुसन्धान, विज्ञान प्रविधि र मानव संशाधन विकास

| क्र.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास र विस्तार | AI, ROBOTICS, DRONE, INTERNET OF THINGS BLOCKCHAIN, VIRTUAL CURRENCY सम्बन्धि नीति निर्माण र मापदण्ड । | संघ र प्रदेशको दक्षतालाई आधार लिइएको । |
| २. | प्रदेशस्तरमा विज्ञान प्रविधि सम्बन्धी जनशक्तीको विकास र उपयोग | ......................... | प्रदेशको क्षमता वढाउन । |
| ३. | प्रदेशस्तरमा विज्ञान प्रविधि विषयक तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षण | ............................ | ,, |

## अन्तरप्रादेशिक रूपमा फैलिएको जंगल, हिमाल, वन संरक्षण क्षेत्र जल उपयोग

| क्र.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | व्यवस्थापन योजना तयारी तथा कार्यक्रम कार्यान्वयन | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, | दुवै तहका सरकारलाई |

| | | | |
|---|---|---|---|
| | | बर्गीकरण, संरक्षण र व्यवस्थापन | जिम्मेवार र जवाफदेही वनाउन । |
| २. | वन पैदवरको उचित प्रयोगको व्यवस्थापन | ...... | प्रदेशलाई जिम्मेवार वनाउन |
| ३. | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण व्यवस्थापन योजना तयारी, कार्यान्वयन सहभागितामूलक पद्धति चयन | दिगो व्यवस्थापन लाभांश बाँडफाँड तथा अनुगमन तथा मूल्याङ्कन | दुवै तहका सरकारलाई जिम्मेवार र जवाफदेही वनाउन । |
| ४. | संरक्षण, जीविकोपार्जन तथा वातावरणीय कार्यक्रम सञ्चालन | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन | " |
| ५. | दिगो रुपले उत्पन्न तथा गुणस्तरीय बीउ उत्पादन गरि वृक्षारोपणको लागि उपलब्ध गराउन वन बीउबगैंचा (Breeding Seed Orchards - BSOs) स्थापना र व्यवस्थापन गर्ने<br>जलस्रोत संवन्धी प्रादेशिक योजना कार्यान्वयन, अनुगमन, मूल्याकंन | ......................... | प्रदेशलाई जिम्मेवार वनाउन । |

## रोजगारी र बेरोजगार सहायता

| क्र.सं. | प्रदेश | संघ | कारण |
|---|---|---|---|
| १. | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता र कार्यान्वयन | नीति निर्माण, बैदेशिक रोजगार व्यवस्थापन र प्रदेश तथा स्थानीय तह रोजगार प्रवर्द्धनमा | रोजगारी र बेरोजगार सहायतामा दुवै सरकारको समन्वकारी भुमिका |

| | | | |
|---|---|---|---|
| | | लगानी तथा अनुगमन | आवश्यक भएकाले |

नोटः संघ र प्रदेश वीचको पारस्परिकता, सहकारिताको विषय आँफैमा अन्यौल ग्रस्त रही, "संघले दिन नचाहने, प्रदेशले लिन नसक्ने", स्थितिको विद्यमानता देखिएकाले उक्त अन्यौलको अन्त्य हुने गरि कार्यविस्तृतिकरण एवं कानून परिवर्तन/परिमार्जन हुन सुझाव दिइएको छ ।

## ६. अनुसूचि-८ बमोजिमको स्थानिय हकको अधिकारक्षेत्रमा थप प्रष्टताको आवश्यकता

| क्र.स. | अधिकार क्षेत्र | कारण |
|---|---|---|
| १. | नगर प्रहरी, प्रदेश प्रहरी, सामुदायिक प्रहरी र संघीय प्रहरीविच समन्वय र सहकार्य | शान्ति सुरक्षाको प्रथामिकताको लागि |
| २. | स्थानिय न्यायिक समितिले गरेको आदेश र फैसला कार्यान्वयनमा प्रदेश प्रहरीको भुमिका | स्थानिय न्यायिक समितिले गरेको आदेश र फैसला कार्यान्वयनको अवस्था दयनिय भएकोले |
| ३. | सामुदायिक वनको सञ्चालन तथा व्यवस्थापनवाट प्राप्त रोयल्टीको वाडफाँड | तीनै तहको सरकारले सामुदायिक वनवाट कर लिने भएकोले सोको स्पष्टताको लागि |
| ४. | नगर प्रहरीको अपराध रोकथाम तथा अनुसन्धानमा भुमिका | नगर प्रहरी कार्यक्षेत्र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ मा स्पष्ट व्यवस्था नभएकोले । |
| ५. | संविधानको दफा १४८ ले परिकल्पना गरेको प्रदेश कानून वमोजिम स्थापित हुने स्थानिय स्तरको न्यायिक निकाय, संविधानको अनुसूची ८ को क्र.स. १२ मा व्यवस्थित स्थानिय अदालत, संविधानको धारा १५१ ले परिकल्पना गरेको स्थानिय स्तरको न्यायिक निकाय र संविधानको धारा १५६ ले व्यवस्था गरेको प्रदेश न्याय सेवा आयोग सम्वन्धी | प्रदेश कानून वमोजिम स्थानिय स्तरको न्यायिक निकाय गठन गर्न पाउने,प्रदेश न्याय सेवा आयोग गठन गर्न पाउने गरि प्रदेश सरकारलाई अधिकार रहने गरि |

| | | |
|---|---|---|
| | व्यवस्था | कार्यविस्तृतीकरणमा थप हुनुपर्ने । |

नोटः संविधानमा स्थानीय तह भनिए पनि ऐन तथा अन्य प्रचलनमा स्थानीय सरकार भनिएकाले सो अन्तरगत निम्न अनुसार अधिकारहरु सिर्जना हुने गरि कार्यविस्तृतिकरण परिमार्जन हुन सुझाव दिइएको छ ।

क.स्थानीय तहमा संघको नीतिगत विषय बाहेक अन्य अनुगमन, मूल्याङ्कन, श्रोत हस्तान्तरण, प्र.जि.अ ले प्रयोग गर्दै आएको विशेष शान्ति सुरक्षा लगायतका विषयहरु प्रदेश सरकारलाई र सामान्य शान्ति सुरक्षाको अधिकार स्थनीय तहलाई उपलब्ध हुने गरि कानूनी व्यवस्था हुनु पर्ने ।

ख.हाल प्र.जि.अ ले प्रयोग गर्दै आएका काम, कर्तव्य र अधिकारहरु मध्ये नागरिकता वितरण, राहदानी सिफारिस, प्रमाणिकरण तथा अन्य सिफारिस सम्बन्धि कार्य स्थानीय सरकार मातहत हुन उचित देखिएको ।

## ७. अनुसूचि-९ सँग सम्बन्धीत कार्यक्षेत्रको बिभाजन

**सहकारी**

| क.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | संघीय कानुन बमोजिम पूँजिगत हिसाबले 'क' वर्गमा पर्ने सहकारी संस्थाको दर्ता, अनुमती, खारेजी र विघटन । | संघीय कानुन बमोजिम पूँजिगत हिसाबले 'ख' वर्गमा पर्ने सहकारी संस्थाको दर्ता, अनुमती, खारेजी र विघटन । | संघीय कानुन बमोजिम पूँजिगत हिसाबले 'ग' वर्गमा पर्ने सहकारी संस्थाको दर्ता, अनुमती, खारेजी र विघटन । | सहकारीको कार्यक्षेत्र र पूँजीगत आधारमा समेत कार्यक्षेत्र निर्धारण गर्नुपर्ने भएकोले । |
| २. | सहकारी सम्बन्धी संघीय नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा | एक भन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारीको नीति, | स्थानीय तहमा कार्यरत सहकारीहरुका लागि स्वीकृती, | तीन खम्बे अर्थनीतिमा सहकारीको भूमिका महत्व |

| | | | | |
|---|---|---|---|---|
| | । | कानुन, मापदण्ड र योजनाको कार्यान्वयन नियमन र समन्वय । | अनुगमन र सिफारीस । | भएकाले तीनै तहको सरकारलाई कार्य जिम्मेवारी दिनुपर्ने वाञ्छनीय देखिने |
| ३. | सहकारीको राष्ट्रिय एकिकृत सूचना प्रणालीको विकास तथा व्यवस्थापन । | प्रदेश स्तरीय सहकारीको सूचना प्रणालीको विकास । | स्थानीय स्तरमा सहकारीको सूचना प्रणालीको विकास । | सहकारीको सूचना प्रणली नीति निर्माणमा प्रयोग गर्नुपर्ने भएकाले । |
| ४. | सहकारी बैंकको सञ्चालन तथा व्यवस्थापन । | प्रदेश स्तरीय सहकारी बैंकको सञ्चालन तथ व्यवस्थापन । | सहकारीमा स्थानीय लगानीको परिचालन । | सहकारीलाई आवश्यक पूँजी व्यवस्थापनका लागि सहकारी बैंक आवश्यक भएकाले । |

## शिक्षा, खेलकुद र पत्रपत्रिका

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | शिक्षा सम्बन्धी नीति तर्जुमा | संघीय शिक्षा नीति बमोजिम उच्च शिक्षा सम्बन्धी कानुन र मापदण्डको निर्धारण | माध्यामिक शिक्षाको नियमन | दक्षता र सन्निकटताको सिद्धान्त अनुसार तीनै तहको भूमिका आवश्यक भएकाले । |
| २. | राष्ट्रिय स्तरका विश्वविद्यालयको गठन | प्रादेशिक विश्वविद्यालयको गठन | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम | " |

## स्वास्थ्य

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | संघीय स्वास्थ्य नीतिको तर्जुमा | स्वास्थ्य तथा पोषण सम्बन्धी प्रादेशिक कानुन योजना कार्यान्वयन र नियमन | स्थानीय स्तरमा आवश्यक पर्ने पर्वद्धानात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक र प्यालिएटीभ स्वास्थ्य सेवाको व्यवस्थापन । | स्वास्थ्य क्षेत्रमा तीनै तहको सरकारको कार्यभूमिका निर्धारण गर्नुपर्ने भएकाले । |
| २. | औषधीजन्य तथा स्वास्थ्य प्रविधि समाग्री उत्पादन सञ्चय र अधिकतम खुद्रा मुल्यको राष्ट्रिय मापदण्ड निर्धारण । | राष्ट्रिय मापदण्ड बमोजम औषधीजन्य तथा स्वास्थ्य प्रविधि समाग्री उत्पादन सञ्चय र अधिकतम खुद्रा मुल्यको निर्धारण । | निकायगत सहकार्य र समन्वय | " |
| ३. | राष्ट्रिय स्तरका ठूला अस्पतालको सञ्चालन | प्रादेशिक अस्पतालको सञ्चालन | स्वास्थ्य चौकीको सञ्चालन | " |

## कृषि

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | कृषि सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा | कृषि सम्बन्धी कानुनको तर्जुमा र नियमन | स्थानीय कृषि उत्पादन तथा व्यापारको मापदण्ड निर्धारण | **तीनै तहवीच समन्वय कायम गराउन ।** |
| २. | कृषि सम्बन्धी | प्रदेशमा स्थापित कृषि | परम्परागत ज्ञान र सीपमा | " |

| | | | | |
|---|---|---|---|---|
| | अन्तराष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशाला विकास र व्यवस्थापन | उद्योगको वर्गीकरण | आधारीत स्थानीय उद्योगको व्यवस्थापन | |
| ३. | कृषि सम्बन्धी अन्तराष्ट्रिय व्यापरको सहजिकरण | कृषि सम्बन्धी प्रादेशिक व्यापारको सहजीकरण | कृषि सम्बन्धी स्थानीय व्यापारको सहजीकरण जस्तै; हाट बजार | " |

**विद्युत खानेपानी सिंचाई जस्ता सेवाहरु**

| **क्र.सं.** | **संघ** | **प्रदेश** | **स्थानीय** | **कारण** |
|---|---|---|---|---|
| १. | विद्युत खानेपानी र सिंचाई जस्ता सेवालाई मार्गदर्शन गर्नको लागि एकिकृत Metapolicy बनाउने | खानेपानी र सिंचाई व्यवस्थापनको प्रादेशिक कानुन | खानेपानी तथा सिंचाई सम्बन्धी साना योजनाको मापदण्ड निर्धारण | विद्युत खानेपानी तथा सिंचाई जस्ता सेवाहरुम तीनै तहको कार्यजिम्मेवारी आवश्यक पर्ने हुनाले |
| २. | राष्ट्रिय स्तरका जलविद्युत आयोजनाको सञ्चालन तथा नियमन | प्रदेश स्तरीय जलविद्यीत आयोजनाको सञ्चालन तथा नियमन | स्थानीय लघु जलविद्युत आयोजनाको सञ्चालन तथा नियमन | " |
| ३. | जलविद्युत आयोजनाबाट उत्पादित विद्युतको अन्तराष्ट्रिय व्यापार | अन्तर प्रदेश विद्युत व्यापार | .................. | ” |

**सेवाशुल्क दस्तुर दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी पर्यटन शुल्क**

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | संघीय कानुन बमोजिम दिईने सेवामा संघीय सेवा शुल्क | प्रदेश कानुन बमोजमि दिईने सेवामा प्रादेशिक सेवा शुल्क | स्थानीय कानुन बमोजिम दिईने सेवामा स्थानीय सेवा शुल्क | **समन्वय र सहकार्य कामय गराउन** |
| २. | संघीय कानुन बमोजिम दण्डनिय अपराधमा दण्ड जरिवाना निर्धारण | प्रादेशिक कानुन बमोजिम दण्डनिय अपराधमा दण्ड जरिवाना निर्धारण | - | " |

**विद्यमान प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँडमा प्रदेशको समेत औचित्यपूर्ण हिस्सेदारी रहनेगरि निम्न संशोधन प्रस्ताव गरिएको छ ।**

| क्र.सं. | सरकार | हिमाल आरोहण | जलविद्युत | वन | खानी तथा खनिजजन्य पदार्थ | अन्य प्राकृतिक स्रोत |
|---|---|---|---|---|---|---|
| १. | संघ | ४० | ४० | ४० | ४० | ४० |
| २. | प्रदेश | ३० | ३० | ३० | ३० | ३० |
| ३. | स्थानीय | ३० | ३० | ३० | ३० | ३० |

**नोटः अन्य प्राकृतिक स्रोतको परिभाषा गर्नुपर्ने ।**

**वन, जंगल वन्यजन्तु चराचुरुङगी जल उपयोग वातावरण पर्यावरण तथा जैविक विविधता**

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | वन, जंगल वन्यजन्तु चराचुरुङ्गी जल उपयोग वातावरण तथा जैविक विविधता सम्बन्धी | प्रदेशभित्र सार्वजनिक खाली जग्गा र नाङ्गा पाखाहरु वा क्षेतिग्रस्त वनक्षेत्रहरुमा वृक्षारोपण | निजि वनको प्रयोग सम्बन्धी | वनक्षेत्र तीनै तहको |

| | | | | |
|---|---|---|---|---|
| | वृहत नीति (Metapolicy) तर्जुमा | तथा सम्भार सम्बन्धी नीति, कानुन, मापदण्ड तथा नियमन | कानुन तथा मापदण्डको निर्धारण | सरकारको कार्यजिम्मेवारी भएकाले |
| २. | | प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन | | **प्रदेशको क्षमता विस्तार गर्ने** |
| ३. | | वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, र नियमन | | " |

## खानी तथा खनिज

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | राष्ट्रिय सुरक्षासँग सम्वन्धित खनिज पर्दाथको अन्वेषण, उत्खनन ( जस्तै मुस्ताङको युरेनियम) | गैर धातुजन्य खनिज सम्बन्धि उत्खनन्,उद्योग सञ्चालन,अनुगमन र कम्पनी प्रशासन सम्बन्धि ईजाजत अनुमति समेत | स्थानीय खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन | सहकारीता, समन्वय र सह अस्तीत्वमा आधारीत संघीयता कार्यान्वयन गर्नुपर्ने भएकाले |

## विपद् व्यवस्थापन

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | विपद व्यवस्थापनको Meta policy बनाउने | प्राकृतिक तथा गैर प्राकृतिक विपद पूर्व तयारी, उद्धार तथा प्रदेश राहत र पुनर्लाभ सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | विपद् जोखिम न्यूनीकरणका स्थानीय स्तरका आयोजना तर्जुमा, कार्यान्वयन र नियमन | प्रदेश र संघलाई समान जिम्मेवार बनाउन र ठुला विपत्तीहरुमा संघको प्रमुख भूमिका रहन । |
| २. | विपद्पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण र व्यवस्थापन र विपद् जोखिम क्षेत्रको नक्साङ्न, बस्तीहरूको पहिचान र स्थानान्तरण | प्रादेशिक विपद कोष स्थापना र संचालन र स्थानीय विपद् कोषमा सहयोग | विपद् व्यवस्थापनमा स्थानीय समुदाय संघ संस्था तथा निजि क्षेत्रसँग सहयोग समन्वय र सहकार्य | " |
| ३. | कुनै पनि क्षेत्रलाई विपद जोखिम क्षेत्र घोषणा गर्न सक्ने | विपद्जोखिम न्यूनीकरणका प्रादेशिक आयोजना, कार्यान्वयन र नियमन | | समन्वय र सहकार्य कायम गराउन |
| ४. | विपद्पूर्व तयारी तथा प्रतिकार्य योजना | विपद् पश्चात प्रदेशस्तरको पुनस्थापन र पुनर्निर्माण | | " |

| | | | | |
|---|---|---|---|---|
| ५. | विपद व्यवस्थापनको लागि अन्तराष्ट्रिय सहयोग र सहकार्य | स्थानीय तहमा विपद पूर्व तयारी तथा प्रतिकार्य, जोखिम न्यूनीकरण, पुनस्थापन र पुनर्निर्माणमा सहयोग र समन्वय | | " |
| ६. | आपतकालिन घोषणा | प्रादेशिक आपतकालीन कार्य सञ्चालन प्रणाली | | " |
| ७. | | प्रादेशिकस्तरको विपद सम्बन्धि तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान | | प्रदेशको क्षमता विस्तार गर्न |
| ८. | | विपद व्यवस्थापन समन्वय र परिचालन | | " |

**सामाजिक सुरक्षा र गरिवी निवारण**

| **क.सं.** | **संघ** | **प्रदेश** | **स्थानीय** | **कारण** |
|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा र गरिवी निवारण सम्बन्धी वृहत नीति (Metapolicy) को तर्जुमा गर्ने | संघीय Metapolicy बमोजिम सामाजिक सुरक्षा र गरिवी निवारण कोष स्थापना गर्ने | गरिवी निवारण सम्बन्धी क्षेत्रगत आधारमा तालिम, सीप विकास कार्यक्रम सञ्चालन गर्ने, सामाजिक सुरक्षा भत्ताको वितरण | सामाजिक सुरक्षा र गरिवी निवारण नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र बनाउनुपर्ने भएकाले तीनै तहको सरकारको |

| | | | | |
|---|---|---|---|---|
| | | | | जिम्मेवारी आवश्यक रहने |

## व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | - | - | व्यक्तिगत घटना जन्म, मृत्यु, विवाहको अभिलेख | तथ्याङ्क नीति तर्जुमाको अभिन्न अंग भएकाले तीनै तहको सरकारको पहुँचमा हुनुपर्ने |
| २. | राष्ट्रिय जनगणना | प्रादेशिक डाटावेस | स्थानीय डाटावेस | " |

**नोटः काम फरक फरक ढङ्गबाट गरिएपनि तीन तहको समन्वयमा एकीकृत अभिलेखिकरण हुनुपर्ने देखिएको ।**

## पुरातत्व, प्राचीन स्मारक र संग्रहालय

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | विश्व सम्पदा सूचीमा रहेका सम्पदाको संरक्षण र विश्व सम्पदाको सुचीमा सिफारिस | राष्ट्रिय सम्पदाको संरक्षण | स्थानीय साँस्कृतीक क्षेत्रको घोषणा | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय नेपाली सभ्यता र संस्कृतीसँग प्रत्यक्ष सम्बन्ध राख्ने हुनाले सबै तहको सरकारले सामुहिक |

| | | | | |
|---|---|---|---|---|
| | | | | जिम्मेवारी बहन गर्नुपर्ने |

## सुकुम्वासी व्यवस्थापन

| क्र.सं. | संघ | प्रदेश | स्थानीय | कारण |
|---|---|---|---|---|
| १. | संविधान बमोजिम आवासको हक हरेक नागरिकलाई पुऱ्याउनकालागि नीतिको तर्जुमा | सुकुम्बासी व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन | स्थानीय स्तरमा सुकुम्बासी सम्बन्धी जिविकोपार्जन र बसोबास व्यवस्थाका लागि स्थानीय नीति तथा योजना तर्जुमा | सुकुम्बासी व्यवस्थापन राष्ट्रिय प्राथमिकता र दिगो विकास लक्ष्यको सूचक भएकाले |
| २. | - | प्रदेशस्तरमा सुकुम्बासीलाई बसोबास तथा जीविकोपार्जन व्यवस्था तथा स्थानीय तहसंग समन्वय | | प्रदेशलाई जिम्मेवार वनाउन । |

**नोटः** क) सुकुम्बासी समस्या भूमी वितरणबाट मात्र समाधान हुने समस्या होइन, सुकुम्बासीहरुलाई आय आर्जनमुलक कार्यमा अग्रसर गराउन र रोजगार सृजना गर्नतर्फ भूमीको सट्टा वैकल्पिक व्यवस्था गर्न सकिन्छ ।

ख) अवशिष्ट अधिकार संघमा रहेको छ यद्यपी सन्निकटताको सिद्धान्त अनुरुप अरु तहलाई पनि अधिकार दिदाँ उचित हुन्छ की, भन्ने विषय विचारणीय छ ।

ग) "कानूनलाई जंगल होईन, बगैंचा वनाऔं" को सिद्धान्त अनुरुप तीनै तहवाट निर्मित कानूनहरुको एकिकृत अभिलेखिकरण गराउनुपर्ने आवश्यकता देखिएको छ ।

घ) सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हाम्रो संघियतामा संघीय ऐन, वन्दा प्रदेश र स्थानिय तहको समेत प्रतिनिधित्व हुनुपर्ने आवश्यकता महसुस गरिएको छ ।

ङ) सामाजिक सुधार ऐन, २०३३ जस्ता कार्यान्वयन हुन नसकेका, अप्रभावकारी कानूनहरुको पहिचान गरि वैकल्पिक उपाय सोच्न जरुरी देखिएको छ ।

च) स्थानीय तहमा कर्मचारी व्यवस्थापन हुँदा कानूनको कुनै पनि जनशक्तीको आवश्यकता महसुस हालसम्म नभएको बिषयतर्फ पुनःविचार हुनुपर्ने देखिएको छ ।

छ) संविधानले परिकल्पना गरेको प्रदेश न्याय सेवा आयोगका सम्वन्धमा मुर्तरूप दिनतर्फ ठोस पहल हुनुपर्ने देखिएको ।

## ८. कानुनी तादाम्यता

<u>प्रदेशहरुद्वारा निर्माण भएका कानूनहरु एवं निर्माणाधिन कानूनहरुको संख्यात्मक विवरण</u>

| क.सं. | प्रदेशको नाम | हालसम्म निर्माण भएका कानूनहरु | | निर्माणको लागि पहिचान भएका ऐन | निर्माण भएका कार्यविधि |
|---|---|---|---|---|---|
| | | ऐन | नियमहरु | | |
| १ | कोशी प्रदेश | ५९ | २४ | १०/१२ | ५१ |
| २ | मधेश प्रदेश | | | | |
| ३ | बागमती प्रदेश | | | | |
| ४ | गण्डकी प्रदेश | ६२ | २४ | ४१ | २९ |
| ५ | लुम्बिनी प्रदेश | | | | |
| ६ | कर्णाली प्रदेश | | | | |
| ७ | सूदुर पश्चिम प्रदेश | | | | |
| जम्मा संख्या | | | | | |

माथि उल्लेखित कानूनको अध्ययन विश्लेषण गर्दा संविधानको मर्म र भावना बमोजिम प्रदेश सरकारको कार्यलाई थप सहजता, प्रभावकारित ल्याउन बनाइएको साथै प्रदेशको आवश्यकता बमोजिम नै बनेको देखिएको । तर, संघ, प्रदेश र स्थानीय तह एवं अन्तरप्रादेशिक कानुनमा केहि विरोधाभाष देखियो ।जस्तैः

- कृषि करका सम्बन्धमा संघले छुट नीति अपनाएको देखिन्छ, बागमती प्रदेशले कृषि कर छुट गरेको अवस्था देखिन्छ भने बाँकी प्रदेशहरुले कर लगाएको देखिन्छ ।
- प्रदेश-प्रदेश बीच करको दर- दायरामा फरक-फरक मापदण्ड अपनाएको देखिन्छ ।जस्तैः यातायात, मनोरञ्जन, विज्ञापन, घर भाडा आदी ।
- मुख्यमन्त्रि तथा पदाधिकारीहरुको प्रदेशगत सेवा सुविधामा पनि प्रादेशिक अन्तर देखिएको ।

माथि उल्लेखित केहि विषयहरुमा बाहेक सातै प्रदेशबाट बनेका कानूनहरुमा ठूलो तात्विक अन्तरविरोध नदेखिएको समग्रतामा एकरुपता नै रहेको देखिन्छ ।

अब बन्ने कानूनमा आपसी तादात्म्यता कायम गर्न निम्नानुसार प्रकृया अवलम्बन गर्नु पर्ने देखिन्छ ।

१ प्रदेश र स्थानीय तहले कानून निर्माणको आवश्यकता पहिचान गरिसके पछि सोको प्रारम्भिक मस्यौदा सहित सुझाव संकलनको लागि सार्वजनिक गर्नु पर्ने ।

२ कानून निर्माण गर्दा सोही प्रकृतिको संघीय कानूनलाई आधारभूत मार्गदर्शनका रुपमा अवलम्बन गरिनु पर्ने ।

३ कानून निमार्णका आधारभूत मूल्य मान्यताहरु जस्तै स्वच्छता, तर्कसंगतता, प्रतिपादित सिद्धान्त, अन्तराष्ट्रिय मान्यता, अन्य प्रदेश वा स्थानीय तहसँगको अनुकुलता, साझा चासो वा हित र कानून बनाउनुको मक्सदमा आधारित रहेर निर्माण गरिनु पर्ने ।

४ तीनै तहका सरकारहरुका बीचमा र अन्तर प्रादेशिक स्तरमा कानुनी तादात्म्यता कायम गर्न संघीय सरकारको कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले वृहत नीति (Metapolicy) निर्माण गर्न र सो मन्त्रालयले हस्तक्षेपकारी होइन, मार्गदर्शनकारी पद्धत्ती अबलम्बन गर्न सुझाव दिइएको छ ।

## ९. संहिता लगायत अन्य विशेष ऐनमा प्रदेशको सरोकारः-

- प्रदेश सरकारवाट वनेका विभिन्न कानूनहरुको कार्यान्वयनको सन्दर्भमा उक्त कानूनहरुमा उल्लेखित दण्ड, सजाय, जरिवाना तथा क्षतिपुर्तीको असूल उपर गर्ने कार्यको लागि अनुसन्धान तथा तहकिकात एंव अभियोजनको अधिकार प्रदेश

सरकारलाई हुनुपर्ने यसको लागि संविधान तथा प्रचलित कानूनहरुको प्रावधानहरुको संसोधन गर्नुपर्ने ।

- जिल्ला तथा उच्च सरकारी वकिल कार्यालयवाट हुने गरेका अनुसूची १ र २ अन्तर्गतका फौजदारी मुद्दाहरुमा अनुगमन, सुपरिवेक्षण, निर्देशन वा मार्गदर्शनको अधिकार मुख्य न्यायाधिवक्ताको कार्यालयलाई रहने गरि सम्वन्धित ऐनहरु र सरकारी वकिल सम्वन्धी नियमावलीमा आवश्यक संसोधन गरिनुपर्ने।
- प्रदेश सरकारसँग प्रत्यक्ष सरोकार राख्ने वा प्रदेश भित्रका गौरवका सम्पदाहरु जस्तैः धार्मिक ऐतिहासिक, पुरातात्विक तथा सास्कृतिक महत्वका क्षेत्रहरु, गुठी, सार्वजनिक जग्गा, भवन, पर्यटकीय ताल तलैयाहरु, खोला, नदी तथा नदीको परिसर, प्रदेशभित्रको प्रादेशिक सिमाना, वनजंगलसँग सम्वन्धित विषयहरुको व्यवस्थापन, विवादहरुको समाधान तथा संरक्षण एवं संवर्धनको कार्य जिम्मेवारीको स्वायत्तता प्रदेश सरकारलाई हुनुपर्ने । साथै उक्त विषयहरुसँग सम्वन्धित अनुसन्धान तथा अभियोजनको अधिकार प्रदेश सरकारलाई रहने गरि आवश्यक कानून परिमार्जन तथा निर्माण गर्नूपर्ने ।
- वर्तमान कानूनी व्यवस्था अनुसार प्रदेश सरकारसँग सरोकार रहेका सुरु मुद्दाहरुको दायरी जिल्ला अदालतमा हुने व्यवस्था रही आएको र यसले प्रदेशको हैसियत कताकता जिल्ला मातहत हो कि भन्ने भ्रम सिर्जना गरेकोले त्यता तर्फ समेत दृष्टिगत गरि आवश्यक कानूनी व्यवस्था हुनु पर्ने ।
- संवैधानिक इजलासवाट हेरिने रिट क्षेत्राधिकार अन्तर्गतका विषेश मुद्दाहरुमा वाहेक रिट क्षेत्राधिकारवाट निरोपण हुने विवादहरुको अन्तिम निरोपण उच्च अदालत तहवाटै हुने गरि न्याया प्रशासन ऐन, २०७३ र सो अन्तर्गतका सर्वोच्च, उच्च र जिल्ला अदालत नियमावलीहरुमा संशोधन गरिनुपर्ने ।
- संविधानको दफा १४८ ले परिकल्पना गरेको प्रदेश कानून वमोजिम स्थापित हुने स्थानिय स्तरको न्यायिक निकाय, संविधानको अनुसूची ८ को क्र.स. १२ मा व्यवस्थित स्थानिय अदालत, संविधानको धारा १५१ ले परिकल्पना गरेको स्थानिय स्तरको न्यायिक निकाय र संविधानको धारा १५६ ले व्यवस्था गरेको प्रदेश न्याय सेवा आयोग सम्वन्धी व्यवस्थालाई कार्यरुप दिन तत्काल आवश्यकता देखिएकाले सो तर्फ आवश्यक कानूनी व्यवस्था हुन र मुख्य न्यायाधिवक्ता समेत रहेको प्रदेश न्याय सेवा आयोग तत्काल गठन हुनुपर्ने ।

## १०. निष्कर्ष तथा सुझावहरु

संघीयता कार्यान्वयन हामी सबैको साझा दायित्व (common responsibility) हो । नेपालमा संघीयताको विकल्प एकात्मक शासन नभएर अझै सशक्त र गहिरो संघीयता (deepening Federalism) हो । यसका लागि संविधानको अनुसूचीहरूमा उल्लेखित अधिकार तथा कामलाई राज्यको तीन तहमा कार्य विस्तृतीकरणमा प्रदेश र स्थानीय तहहरुको समेत प्रतिनिधित्व गरि विद्धमान कार्य विस्तृतीकरणको परिमार्जन गर्नुपर्छ । संघीयताको अभ्यासमा संविधानले दिएको अधिकार अनुसार केन्द्र, प्रदेश र स्थानीय तहले कुन-कुन अधिकार प्रयोग गर्ने र कसरी तीन निकायवीच समन्वयन गर्ने भन्ने विषय समेत परिमार्जित कार्य विस्तृतीकरणमा हुनुपर्छ ।

संविधानले सैद्धान्तिक हिसाबले संघ, प्रदेश र स्थानीय तहको कार्य र अधिकारक्षेत्र तोके पनि व्यवहारमा कैयौं अस्पष्टता, द्विविधा र विवाद देखिएको हुनाले त्यसको निरूपण गर्न कार्य विस्तृतीकरणको परिमार्जनको गृहकार्य अगाडी बढाइ प्राप्त कार्य जिम्मेवारी पृथक ढंगले पूरा गर्ने खोजमूलक कार्यशैली अवलम्बन समेत गरि प्रदेश तथा स्थानीय तहहरुले आफूलाई लोकतन्त्रको प्रयोगशाला (Laboratory of Democracy ) बनाउने प्रयत्न गर्नुपर्छ । केन्द्रीय राजनीतिक संस्कारले प्रदेशलाई खुला हृदयले ग्रहण गर्नुपर्छ तसर्थ कार्य विस्तृतीकरणको परिमार्जन गरि संघीयतालाई गतिशील, नतिजामूलक र जवाफदेही बनाउन देहायका सुभावहरु समेत प्रस्तुत गरिएको छ ।

- संवैधानीक मूल्य र मान्यता बमोजिम संघीयता कार्यान्वयन प्रभावकारी बनाउन सबै राजनीतिक दलको तहगत सरकारको कार्य विस्तृतीकरणमा साझा समझदारी गर्ने (जो भएकै छ )
- हरेक आर्थिक वर्षमा कार्य विस्तृतीकरण कार्यान्वयनको स्थितिको पुनरावलोकन गरि संघीयता पछि बनेका कानुन, नीति योजन र कार्यान्वनको मुल्याङ्कन गर्ने,
- तीन तहका सरकारको कार्यमा स्पष्टता ल्याएर जिम्मेवार बनाएपछि कस्तो संरचना आवश्यक हुन्छ र जनशक्ति के कति लाग्छ त्यसको यकिन गर्ने,
- तोकिएको कार्यजिम्मेवारी निर्वाह गर्दा अधिकतम मितव्ययिता अवलम्बन गरि बढदो संचालन खर्चको चपेटाबाट तीनै तहले कसरी जोगिन सकिन्छ सोची काम गर्ने, ( राष्ट्रिय सभाको औचित्यमाथि पुनर्विचार गरिनु पर्ने, जिल्ला समन्वय समितिको औचित्य स्थापित हुन नसकेकाले यसका बारेमा सोचिनु पर्ने, स्थानिय सरकारका रुपमा पालिकाहरु गठन भैसकेको परिप्रेक्ष्यमा जिल्ला प्रशासन कार्यालयको विकल्पका रुपमा पालिकाहरुलाई स्थापित गर्न सकिने र प्र.जि.अ.को स्थान

अधिकार-सम्पन्न प्रमुख प्रशासकिय अधिकृतबाट हुन सक्ने अवस्था तर्फ सोच्न सकिने, शिक्षा ऐन-नियमावलीमा र प्रस्तावित शिक्षा ऐनमा समेत जिल्ला शिक्षा कार्यालय भनिएको तर शिक्षा विकास तथा समन्वय ईकाईको नामबाट जिल्ला जिल्लामा कार्यालयहरु रहेको, सोहि कार्यालयले गर्ने प्रकृतिका कार्यहरु हाल सामाजिक विकास कार्यालयका नामाबाट गर्ने गरिएको तत् कार्यालयहरुलाई खर्च मितव्ययीता कायम गर्न एउटै छाता मुनि राख्न सकिने देखिएको, हुलाक सेवा विभाग देखि अतरिक्त हुलाक सम्मका कार्यालयहरुमा जनशक्ति न्यूनिकरण वा कतिपय ईकाईहरु अनावश्यक देखिएको तर्फ पुनर्विचार गरिनुपर्ने देखिएको, कृषि तथा पशु सम्बन्धि काम गर्ने विभाग देखि वडा स्तर सम्मका संरचनाहरुलाई एकिकृत गरि लैजान उपयुक्त देखिएको । )

- जनतासँग प्रत्यक्ष सम्बन्धित सेवाहरू प्रवाह गर्नका लागि सन्निकटताको सिद्धान्त बमोजिम जनताको नजिकको सरकारबाट त्यस्तो सेवा प्रवाह गर्ने गरि कार्यजिम्मेवारीको बाँडफाँड, वितरण वा पुनर्वितरण गर्ने,
- साझा अधिकार तथा कार्यजिम्मेवारीको बाँडफाँड गर्दा सेवाको किसिम तथा दायरा, आयातनको अर्थलाभ (economy of scale), सेवामा अन्य वाह्य प्रभाव वा भार (spillover effects), उच्चस्तरको प्राबिधिक ज्ञान, सीप, र जनशक्तिको व्यवस्थापनको क्षमता समेतका आधारमा कानूनतः बाँडफाँड गर्ने,
- मौलिक हकको कार्यान्वयन सम्बन्धी ऐनमा संघ, प्रदेश र स्थानीय तहको साझा दायित्व र कार्यजिम्मेवारीहरूलाई कुन तहले के गर्ने? समन्वय संरचना र कार्यप्रणाली के हुने भन्ने स्पष्ट गर्न नेपाल सरकारका विषयक्षेत्रगत मन्त्रालयले तहगत सरकारको स्पष्ट दायित्व र जिम्मेवारी सहितको राष्ट्रिय नीति तथा कार्यक्रम, कार्यान्वयन कार्ययोजना बनाई लागू गर्ने ।

संघीयता भित्र पनि सर्वाधिक आलोचनाको विषय बनेको प्रादेशिक संरचनालाई दीगो, टिकाउ वा व्यवस्थित कसरी बनाउन सकिन्छ भन्ने सम्बन्धमा यस बैठकमा विमर्श हुँदा निम्नानुसार सुझाव प्राप्त भएका छन् ।

- प्रादेशिक संरचनालाई प्रभावकारी तुल्याउन प्रदेश सरकारको आयश्रोतका क्षेत्रहरु पहिचान गर्नु पर्ने आवश्यकता देखिएको,
- प्रादेशिक आय श्रोतको संभावनाको खोजी गर्ने क्रममा प्रदेश क्षेत्र भित्रका संभावनाहरुलाई Catch up गरि आयकर बढाउन तर्फ प्रदेश सरकार अग्रसर हुनु पर्ने देखिएको, (गण्डकी प्रदेश सरकारको हकमा लोकल मदिरा उत्पादन तथा ब्रान्डिङबाट उठ्ने कर, गाँजा र गाँजाजन्य पदार्थहरुको Legalization का

माध्यमद्वारा उठ्ने कर, स्लेट तथा कटिङ्ग ढुङ्गा उत्पादन गरि आन्तरिक प्रदेश वा अन्तरप्रदेश निकासीबाट उठ्ने कर, वन पैदावारजन्य वस्तुहरुको परम्परागत उत्पादन तथा व्यापारबाट उठ्ने कर, विभिन्न पर्वतारोहण तथा आरक्षहरुमा शिकार वापत उठ्ने कर, ऐतिहासिक तथा पर्यटकिय गन्तव्यका रुपमा प्रसिद्धि प्राप्त स्थलहरुको भ्रमणबाट प्राप्त कर, अन्य खानी र खनिजजन्य पदार्थको उत्पादन तथा निकासीबाट उठ्ने कर, भेटीघाटीमा अत्यन्त अद्वितीय नमूनाको रुपमा रहेको मुक्तिनाथ भगवानको मन्दिरमा उठ्ने कर आदि सँगसँगै ACAP,MCAP तथा ढोरपाट शिकार आरक्ष जस्ता संस्थाहरुबाट हुने गरेको अस्वभाविक दादागिरी हटाएर त्यहाँको आम्दानी प्रदेश सरकारमा आउने गरि करको दायर फराकिलो बनाउने)

- संघीय सरकारबाट प्रदेशलाई प्राप्त हुने वित्तिय समानिकरण अनुदानलाई बृद्धि र सशर्त अनुदानलाई घटाउदै लगिनु पर्ने ।
- मुलुकका सातै प्रदेश सरकारहरुले आफ्नो आय श्रोत बृद्धि गर्न निम्नानुसार कार्यहरु गर्न सक्ने संभावना रहेको :-

    i. प्रदेश भित्रका सरकारी तथा सार्वजनिक कार्यालयहरुमा डम्पिङमा रहेका पुराना गाडीहरु या तिनका पार्टपुर्जाहरुको लिलाम बिक्री गरि प्राप्त हुन आउने रकमलाई प्रदेश संचित कोषमा दाखिला हुने व्यवस्था मिलाउने ।
    ii. प्रत्येक प्रदेशले कृषि उत्पादनका लागि आवश्यक पर्ने रैथाने बीउ विजनहरुको उत्पादन गरि आ-आफ्नो प्रदेश भित्र बीउ विजन आपूर्तिको व्यवस्था मिलाई सोबाट प्राप्त आम्दानी प्रदेश संचित कोषमा दाखिला हुने व्यवस्था मिलाउने ।
    iii. हालसम्म जिल्ला प्रशासन कार्यालयमा दर्ताभई नवीकरण हुन नसकेका, नवीकरणको म्याद नाघेका तर खारेजी भईनसकेका संघ संस्थाहरुलाई संचालकले चाहेमा नवीकरण वा खारेजीको मार्ग प्रशस्त तुल्याई सो वापत प्राप्त हुने आम्दानीलाई प्रदेश सरकारको संचित कोषमा दाखिला हुने व्यवस्था मिलाउने ।
    iv. हालसम्म अड्डा अदालत वा न्यायिक निकायबाट अन्तिम फैसला भई लगत कट्टा हुन बाँकी रहेका कैद, जरिवाना वा विगो असुलीमा केन्द्रीय संरचना अप्रभावकारी देखिएको परिप्रेक्ष्यमा प्रादेशिक क्षेत्र भित्रका त्यस्ता कैद जरिवाना वा विगो असुलीको दायित्व वा जिम्मेवारी प्रदेश सरकारले लिने र सोबाट प्राप्त रकम प्रादेशिक संचित कोषमा जम्मा हुने व्यवस्था मिलाउने ।

तीनै तहका अधिकारहरुको सुनिश्चितता कायम गर्न, अझ खास गरि आम नागरिकहरुका वीचमा सर्वाधिक आलोचनाको विषय बनेको प्रदेश सरकारलाई द्रुत गति प्रदान गर्न, कार्यविस्तृतिकरणको संशोधनले मात्र पर्याप्त हुने देखिएन, यसका लागि केही सैद्धान्तिक आधारहरु सहितको संवैधानिक तथा कानूनी परिमार्जन/संशोधन गर्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ । संवैधानिक तथा कानूनी परिमार्जन/संशोधन गर्न निम्नानुसार कारणहरुबाट जरुरी देखिएको छ ।

- सरकारी संयन्त्रहरुका कारणले अत्याधिक प्रशासनिक खर्च बढेको भन्ने गुनासो कम गर्न केही संरचनाहरु खारेज गर्न,
- हालसम्म अन्य निकायहरुबाट सम्पादित काम, कर्तव्य र अधिकारहरु प्रदेश सरकारको जिम्मेवारी भित्र समावेश गर्न,
- सरकारी खर्चमा कटौती गरि सरकार प्रतिको विश्वसनियता र लोकप्रियता बढाउन,
- तीनै तहका सरकारहरुसँग, अझ खास गरि, प्रदेश प्रतिको बहुसंख्यक नागरिकहरुको गुनासो/आशंका/आलोचना/असन्तुष्टिबाट मुक्त रहन ।

अन्त्यमा, सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय मुख्यमन्त्रीज्यूहरुले संघीयतालाई सशक्त र प्रभावकारी बनाउन, चाहे अप्रिय नै किन नहोस, उपयुक्त ठोस कदम उठाउनु पर्ने टड्कारो आवश्यक्ता देखिएको छ ।

## सन्दर्भ समाग्रीहरु


A. **Books**

● Adhikari, Chandra Mani, *Dynamic of federal Federalism: Failure or success, Why and How?,* 1st ed., Pairabi Prakashan, Kathmandu, 2019

● Ahmad, Ehtisham & Brosio, Giorgio (eds), *Handbook of Fiscal Federalism*, Edward Elgar Publishing Limited, USA, 2006, available at http://www.untag-smd.ac.id/files/Perpustakaan_Digital_1/FEDERALISM%20Handbook%20of%20Fiscal%20Federalism.pdf.

● Brosio, G. & Jimenez, J.P. (eds.) *Decentralization and Reform in Latin America: Improving Intergovernmental relations*, Edward Elgar Publishing Limited, Massachusetts 2012, available at https://core.ac.uk/download/pdf/214046551.pdf

● Joshi, Satya Raj, '*Deliberate between determinants of fiscal federalism and economic welfare in Nepal-an empirical analysis'*, Economic Master Degree, Tribhuvan University, June 2016

● Kitchen, Harry, McMillan, Melville & Shah, Anwar *Local Public Finance and Economics: An International Perspective*, 1st ed., Palgrave Macmillan, Cham, 2019

● Lawoti, Mahendra, *Looking Back, Looking Forward: Centralization, Multiple Conflicts, and Democratic State Building in Nepal*, East-West Center, Washington, 2007, available at https://www.jstor.org/stable/pdf/resrep06531.pdf?ab_segments=0%2Fbasic_SYC-5187%2Fcontrol&refreqid=search%3Acf3a53bd56a3b81abc9c06baa4a5d803

● Roy, Bahl, Boex, Jamie & Jorge, Martinez-Vazquez, *The Design and Implementation of Intergovernmental fiscal transfers*, 1st ed., Georgia State University: Andrew Young School of Policy Studies, Atlanta, 2001

- Roy, Bahl, & Bird, Richard, *Fiscal Decentralization and Local Finance in Developing Countries*, 1st ed., Edward Elgar Publishing Limited, Massachusetts, 2018
- Shah, Anwar (ed.), *'The Practice of fiscal Federalism: Comparative Perspectives'*, McGill-Queen's University Press, Montreal, 2007
- Shah, R. K*, Public Economic Volume 2*, Ekta Publishing House, Kathmandu, 1st edition, 2019
- Smoke, Paul & Kim, Yun-Hwan (eds.), *Intergovernmental Fiscal Transfers in Asia: Current Practice and Challenges for the Future*, ADB, Manila, 2002, available at https://www.adb.org/sites/default/files/publication/27931/intergovernmental-fiscal-transfers.pdf, accessed on 2 February 2021

B. **Journal and Review Articles**

- Bhatta, Bhim Dev, 'Federal, Provincial and Local government system in Nepal', *Civil Service Journal* p. 31, vol 39, 2074
- Giuseppina Carboni, Giuliana, Fiscal federalism and Comparative Law, *Comparative Law Review Journal*, Vol 5, No. 2, 2014, available at http://www.comparativelawreview.unipg.it/index.php/comparative/article/view/29/27
- Goldhar, Joel D & Jelinek, Mariann 'Plan for Economies of Scope, Harvard Business Review', November 1983 available at https://hbr.org/1983/11/plan-for-economies-of-scope
- Khanal, Gopi Krishna,*'Prakirtishrot ko royalty bhadphand ra yeskaadharharu'*, vol. 20, no. 33, *A Journal of Administration, Management and Development*, 2019
- Lamichhane, Hem Raj, 'Contribution of Expenditure of Local Bodies to Economic Growth in Nepal', vol. 1, no. 1, *Journal of Fiscal Federalism,* 2016

available at http://lbfc.gov.np/sites/default/files/lbfc_journal-of-fiscal-federalism.pdf

- Oates, Wallace E 'An Essay on Fiscal Federalism', *Journal of Economic Literature* p. 1120 volume. 37:3, 1999
- Teresa, Ter-Minassian, 'Borrowing by Subnational Governments: Issues and Selected International Experiences', IMF, 1996, USA, available at https://www.elibrary.imf.org/view/journals/003/1996/004/article-A001-en.xml accessed on 3 February 2021

C. **Newspaper Articles and Websites**

- Bulmer, Elliot 'Federalism International IDEA Constitution-Building Primer 12', *International Institute for Democracy and Electoral Assistance*, 2017, Stockholm, available at https://www.idea.int/sites/default/files/publications/federalism-primer.pdf,
- '*Biyajma rakheko rakam mahanagarlea saryo*', *onlinekhabar*, 5 March 2021, available at https://www.onlinekhabar.com/2021/03/935559, accessed
- Boex, Jamie, 'A critical year for fiscal federalism in Nepal', 14 January 2019, *Local Public Sector Initiative official website* available at http://www.decentralization.net/2019/01/a-critical-year-for-fiscal-federalism-in-nepal/
- City of Toronto, *City Revenue Fact Sheet 2015*, October 1016, available at https://www.toronto.ca/city-government/budget-finances/city-finance/long-term-financial-plan/city-revenue-fact-sheet/
- 'CFUGs launch protests against overlapping taxes', *The Republica,* Kathmandu, 17 September, 2019, available at https://myrepublica.nagariknetwork.com/news/cfugs-launch-protests-against-overlapping-taxes/,

● 'Community forest users’ groups decry continuation of heavy taxes', *The Kathmandu Post*, Kathmandu, 4 June 2020, available at https://kathmandupost.com/national/2020/06/04/community-forest-users-groups-decry-continuation-of-heavy-taxes,

● 'Federation of Community Forestry Users Nepal protesting against government’s tax policy', *The Kathmandu Post,* Kathmandu, 6 October, 2019, available at https://kathmandupost.com/province-no-3/2019/10/06/federation-of-community-forestry-users-nepal-protesting-against-government-s-tax-policy,.

● Devkota, Khim Lal, '*Bitiya Sangiyeta ma Anudan ko Aauchitya*', *Kantipur*, Kathmandu, 25 Kartik 2077, available at https://ekantipur.com/opinion/2020/11/10/160497522548652182.html?author=1

● Devkota, Khim Lal '*Kar rajesoma sthaniya tahako chalang*', *The Kantipur*, 14 March 2021, available at https://ekantipur.com/opinion/2021/03/14/161568740833628794.html,

● Florin, Oprea & Ioan, Alexandru Cuza 'Fiscal Federalism and Fiscal Decentralization in an Enlarged European Union' University of Iasi, Faculty of Economics and Business Administration, available at https://core.ac.uk/download/pdf/6263231.pdf.

● Guth, Werner, Levati, Vittoria & Guth , Rupert Sausgruber 'Tax Morale and (De-)Centralization: An Experimental Study', *Public Choice*, volume. 125:1/2, 2005

● Koirala, Laxmi Bilas, 'Intergovernmental transfers: Fiscal issues in federalism', *The Himalayan Times*, Kathmandu, (September 2018) available at https://thehimalayantimes.com/opinion/intergovernmental-transfers-fiscal-issues-in-federalism/

- 'NNRFC devising formula to share royalty collected from natural resources', *The Republica*, Kathmandu, 22 March 2018 available on https://myrepublica.nagariknetwork.com/news/nnrfc-devising-formula-to-share-royalty-collected-from-natural-resources/,
- Pariyar, Dipak & Gurung, Ash '*Janapratinidhilai talab jatiko subidha.' The Kantipur*, Kathmandu, Magh 21 2076, available at https://ekantipur.com/pradesh-4/2020/02/04/158079007614041O4.html,
- Paudel, Ajibi '*Adalati adesh lataudai, kar uthaaudai Chandragiri nagarpalika*', *The Annapurna Post,* Kathmandu, 10 April, 2021, available at http://annapurnapost.com/news/177877,
- Sapkota, Krishna Prasad, 'bitiya sangiyeta ra yesko karyanwayan', *The Kantipur,* 3 April 2021, available at https://ekantipur.com/opinion/2021/04/03/161745550383714 73.html, accessed on May 11 2021
- Regmi, Damodhar '*Sangeyetama bitta sambandha ra arthik anusasan*', *e karmachari*, Kathmandu, 15 April 2021, available at https://ekarmachari.com/?p=5499
- 'SC invalidates salaries for elected local officials', *The Republica*, Kathmandu, October 19 2019 available at https://myrepublica.nagariknetwork.com/news/sc-invalidates-salaries-for-elected-local-officials/, accessed on 5 May
- Swiss Agency for Development and Cooperation, 'Guide to Decentralization', January 22, 2001, *SDC,* available at https://www.shareweb.ch/site/DDLGN/Documents/SDC%20Guide%20to%20Decentralization_2001.pdf


D. **Reports, Working Papers and Others Resources**

● Anand, Mukesh, Bagchi, Amaresh & Sen, Tapas K. 'Fiscal Discipline at the State level: Perverse Incentives and Paths to Reform', Working Paper No. 1, National Institute of Public Finance and Policy, 2002

● Asia foundation Study, Diagnostic Study of Local Governance in Federal Nepal, Kathmandu, 2017 available at https://asiafoundation.org/wp-content/uploads/2018/07/Diagnostic-Study-of-Local-Governance-in-Federal-Nepal-07112018.pdf

● Blöchliger, Hansjörg 'Fiscal Equalisation in OECD Countries', working paper no. 4, OECD Network on Fiscal Relations Across Levels of Government, available on https://www.oecd.org/ctp/federalism/39234016.pdf accessed on

● Chaudhary, Ankshita & Maharjan, Ayushma, 'Study of Agricultural Income Tax in Federal Nepal', *Samriddhi Foundation*, 2018, Kathmandu, available at https://samriddhi.org/publications/study-of-agricultural-income-tax-in-federal-nepal/,

● 'Decentralization: A Sampling of Definitions', Working Paper prepared in connection with the Joint UNDP-Government of Germany evaluation of the UNDP role in decentralization and local governance, UNDP 1999, available at http://web.undp.org/evaluation/documents/decentralization_working_report.pdf

● 'Decentralized Governance Monograph: A Global Sampling of Experiences', Management Development and Governance Division, Working Paper, UNDP Bureau for Policy Development, 1998

● 'Decentralized Governance Programme: Strengthening Capacity for People -Centered Development', Working Paper, UNDP Management Development and Governance Division September 1997

● Mahamallik, Motilal, Sahu, Pareswar & Mahapatra, Sushanta 'The Paradox of Fiscal Imbalances in India', Quaderni Working Paper Number no.

969, Università di Bologna, 2014, available at https://core.ac.uk/download/pdf/143

- Martinez-Vazquez, Jorge 'The Impact of Fiscal Decentralization Issues in Theory and Challenges in Practice', Policy Note, ADB, 2011 available at https://www.think-asia.org/bitstream/handle/11540/966/impact-fiscal-decentralization.pdf?sequence=1
- 'NG Consolidated Financial Statement FY 2019/20', FCGO, 2021, Kathmandu
- Public Sector Reform & Decentralization, 'Session 2.1. Administrative Decentralization' 24 January 2011, *European Union* available at https://europa.eu/capacity4dev/public-pub.sector-reform-decentralisation/event/train4dev-course-harmonisation-decentralisation-and-local-governance .
- Regmi, Arun, 'Designing a Framework for Subnational Government Financing through Borrowing in the Context of Fiscal Federalism in Nepal', *LGCDP*, 2017, Nepal
- 'Report of Administration Reformation Advisory Committee 2072', *Administration Reformation Advisory Committee*, 2072, Kathmandu
- 'Report of the Preliminary Draft of the Constitution', *CA Natural Resources, Economic Rights and Revenue Sharing Committee*, 2009, Kathmandu
- Report, Panta, Krishna Raj, Study on Intergovernmental Fiscal Transfers for Federal Nepal, Local Body Fiscal Commission, Lalitpur, 2017
- Shah, Anwar 'A Practitioner’s Guide to Intergovernmental Fiscal Transfers' Policy Research working paper no. 4039. World Bank, 2006, available at A Practitioner’s Guide to Intergovernmental Fiscal Transfers (worldbank.org)

- Srivastava, D.K, 'Key Elements of a New Fiscal Regime in Federal Nepal', Forum of Federations', Canada, 2011, available at http://www.forumfed.org/post/Nepal_Key_Elements_28Feb2011.pdf
- Shrestha, Manoj, 'An overview of Intergovernmental fiscal Relation in Nepal', Working paper no. 02-05, Andrew Young School of Policy Studies, 2002
- Shrestha, Rachana, Governance and Institutional Risks and Challenges in Nepal, ADB, Manila, December 2019
- 'Strengthening Subnational Finance in LDCs', *UNCDF*, USA, 2016, available at https://www.un.org/esa/ffd/wp-content/uploads/2016/10/draft-publication-mf-2016.pdf,
- Smoke, Paul 'Fiscal Decentralization in Developing Countries: A Review of Current Concepts and Practice', *United Nations Research Institute for Social Development*, 2001, Denmark, available at https://www.unrisd.org/80256B3C005BCCF9/(httpAuxPages)/CB00CBC1DB0E8E1E80256B5E003BFC1C/$file/smoke.pdf, accessed on 1 February 2021.
- Smoke, Paul 'IMPROVING SUBNATIONAL GOVERNMENT DEVELOPMENT FINANCE IN EMERGING AND DEVELOPING ECONOMIES: TOWARD A STRATEGIC APPROACH', *Working Paper No. 921*, ADB, 2019, available at https://www.adb.org/sites/default/files/publication/485851/adbi-wp921.pdf,
- Subnational governments around the world Structure and finance A first contribution to the Global Observatory on Local Finances'', *OECD & UCLG*, 2019, France, available at https://www.sng-wofi.org/publications/2019_SNG-WOFI_REPORT_Key_Findings.pdf, UNDP Report, Fiscal transfers in Asia: Challenges and opportunities for financing sustainable development at the local level, Bangkok, 2019. available at Fiscal Transfers in Asia: Challenges and opportunities for financing sustainable development at the local level | UNDP